# नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

**विषय-सूची** **पेज नं**


| | | |
|---|---|---|
| १. | सैद्धान्तिक अवधारणा | ३ |
| २. | उद्देश्य र कारण | ५ |
| ३. | आर्थिक टिप्पणी | ६ |
| ४. | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ | ७ |
| ५. | व्याख्यात्मक टिप्पणी | २८ |
| ६. | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी | ४० |

## सैद्धान्तिक अवधारणा

नवीकरणीय ऊर्जा भनेको सौर्य, वायु, जैविक, वायोजेनिक ग्याँस, भू-तापीय, गुरुत्वबल तथा जलस्रोत वा अन्य यस्तै प्रकृतिका प्राकृतिक रूपमा निरन्तर पुनर्भरण भइरहने स्रोतबाट उत्पादित ऊर्जा हो। सो अन्तर्गत हरित हाइड्रोजन जस्ता स्वच्छ ऊर्जा वाहकबाट उत्पादित ऊर्जा समेत पर्दछ। त्यसैगरी ऊर्जा दक्षता भनेको ऊर्जा खपत गर्ने तरिका, प्रक्रिया वा उपकरणलाई नियन्त्रित वा व्यवस्थित गरी उपलब्ध ऊर्जाको परिमाणले बढी सेवा दिने वा उत्पादन गर्ने वा सोही परिमाणको सेवा वा उत्पादनको लागि कम ऊर्जा खपत गर्ने प्रक्रियालाई बुझाउँछ।

ऊर्जाको समुचित उत्पादन, प्रयोग तथा संरक्षण गर्न विश्वका धेरै देशहरुमा नवीकरणीय ऊर्जा उत्पादन र वितरण तथा ऊर्जाको दक्षतापूर्वक प्रयोग तथा संरक्षण गर्ने सम्बन्धी कानूनी व्यवस्था गरेको पाइन्छ। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धमा अन्य देशहरुमा भएका कानूनी व्यवस्थाको अध्ययन गर्दा तीन किसिमका व्यवस्था रहेको पाइन्छ । पहिलो, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता दुवैलाई हेर्न एउटै कानून र संस्थागत संरचना रहेको; दोस्रो, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी अलग अलग कानून तर एउटै संस्थागत संरचना भएको र तेस्रो, कानूनी व्यवस्था तथा संस्थागत संरचना अलग अलग रहेको पाइन्छ। बंगलादेश, मलेसिया, श्रीलंका र थाइल्याण्ड जस्ता देशमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनको लागि संस्थागत संरचना एउटै रहेको र एउटै निकायबाट कार्यान्वयन भइरहेको पाइन्छ। त्यसैगरी जर्मनी, संयुक्त राज्य अमेरिका, फिलिपिन्स र घाना जस्ता देशमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धी अलग अलग ऐन भए तापनि एउटै निकायबाट कार्यान्वयन भइरहेको देखिन्छ। भारत र पाकिस्तान जस्ता देशमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धी कानूनी व्यवस्था र संस्थागत संरचना अलग अलग नै रहेको पाइन्छ। उल्लिखित अन्तर्राष्ट्रिय अभ्यासमध्ये नेपालको संविधान, २०७२ अनुसार नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता दुवै विषयलाई समेटेर एउटै कानून बनाई एउटै संस्थागत संरचनाबाट कार्यान्वयन गर्ने गरी अघि बढाउन आवश्यक देखिएको छ ।

नेपाल अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा संस्था र अन्तर्राष्ट्रिय सौर्य एलायन्सको सदस्य तथा जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौताको पक्ष राष्ट्रको रुपमा रहेको छ । साथै, नेपाल सरकारले दिगो विकासका लक्ष्य, तेस्रो राष्ट्रिय निर्धारित योगदान, सन् २०४५ सम्म खुद शून्य उत्सर्जनका लागि दीर्घकालीन रणनीति, राष्ट्रिय अनुकूलन योजना, सोह्रौं योजना, विद्युत खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण सम्बन्धी कार्ययोजना, २०८०, ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ लगायत नेपालले अघि सारेका ऊर्जा र जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय लक्ष्यमा नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणलाई उच्च प्राथमिकता दिएको छ।

राष्ट्रिय ऊर्जा खपतको अवस्थालाई हेर्दा नेपाल अझै पनि उल्लेख्य रुपमा परम्परागत ऊर्जाको स्रोतमा निर्भर रहेको देखिन्छ। आ.व. २०८२/८३ को आर्थिक सर्वेक्षण अनुसार कूल ऊर्जा खपतमध्ये ५८ प्रतिशत परम्परागत ऊर्जा, ३९ प्रतिशत व्यापारिक ऊर्जा र करीब ३ प्रतिशत नवीकरणीय ऊर्जाको हिस्सा रहेको छ। कूल व्यापारिक ऊर्जामध्ये पेट्रोलियम पदार्थ २२ प्रतिशत, कोइला ९ प्रतिशत र राष्ट्रिय प्रसारणबाट उपलब्ध विद्युत ८ प्रतिशत रहेको छ । विद्युतबाट ८ प्रतिशत र नवीकरणीय ऊर्जाबाट करीब ३ प्रतिशत गरी ११ प्रतिशत मात्र स्वच्छ ऊर्जा उपभोग भइरहेको र बाँकी ८९ प्रतिशत ऊर्जालाई स्वच्छ नवीकरणीय ऊर्जामा रुपान्तरण गर्नुपर्ने चुनौति टड्कारो देखिन्छ। राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन अनुसार खाना

पकाउने मुख्य इन्धनको रुपमा दाउराको हिस्सा झण्डै ५१ प्रतिशत, एल.पि. ग्यास ४४ प्रतिशत, गुइठा करीब ३ प्रतिशत, विद्युत ०.५ प्रतिशत र बायोग्यास १.२ प्रतिशत रहेको देखिन्छ।

नेपालको संविधानको धारा ५१ को खण्ड (छ) को उपखण्ड (३) मा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाको कार्यान्वयनका लागि कुल गार्हस्थ उत्पादनमा ऊर्जा प्रयोगलाई प्रभावकारी बनाउँदै नागरिकको जीवनस्तरमा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ। नवीकरणीय ऊर्जाको विकास गरी वातावरण संरक्षणमा योगदान पुऱ्याउन तथा ऊर्जा दक्षता मार्फत ऊर्जाको उपयोग, बचत र संरक्षण गर्दै ऊर्जाको पहुँचमा वृद्धि गरी दिगो विकास हासिल गर्नका लागि दिगो ऊर्जाको अवधारणा, हरितगृह ग्यास उत्सर्जनबाट वातावरणमा पर्ने असर न्यूनीकरण तथा अनुकूलनमार्फत हरित अर्थतन्त्र प्रवर्द्धन, ऊर्जा सम्मिश्रण र ऊर्जा सुरक्षाको सुनिश्चितता तथा आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्न नवीकरणीय ऊर्जाको विकास र विस्तारका लागि नयाँ कानून बनाउन आवश्यक भएकोले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकारले तयार गरेको छ।

## उद्देश्य र कारण

मानव समुदायले बिगत लामो समयदेखि प्राकृतिक रुपमा उपलब्ध हुने सौर्य, जैविक, वायु तथा जलस्रोत जस्ता नवीकरणीय ऊर्जाका स्रोतहरू र पेट्रोल, कोइला, डिजेल, मट्टितेल जस्ता जिवाष्म इन्धनका स्रोतहरू प्रयोग गरी ऊर्जाका आवश्यकताहरू परिपूर्ति गर्दै आएको छ। पछिल्ला केही दशकमा सौर्य, जैविक, वायु तथा जलस्रोत जस्ता नवीकरणीय ऊर्जाका स्रोतको विकास र प्रयोगमा वृद्धि भइरहेको छ।

जिवाष्म तथा परम्परागत ऊर्जाको अत्यधिक प्रयोगले विभिन्न हरितगृह ग्यासहरु (कार्बनडाइअक्साइड, मिथेन, नाइट्रसअक्साइड, हाइड्रोक्लोरोफ्लोरो कार्बन, औद्योगिक ग्यासहरु आदि) उत्सर्जन हुन गई पृथ्वीको तापमान वृद्धि हुँदै गएको अवस्था छ। हरितगृह ग्यास उत्सर्जनको कारणबाट मौसमको स्वरुपमा परिवर्तन भई जलवायु परिवर्तनको असर देखिएको छ।

नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तार गरी वातावरण संरक्षणमा योगदान पुऱ्याउन, ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग, बचत र संरक्षण गर्दै ऊर्जाको पहुँचमा वृद्धि गरी दिगो विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विकासको आवश्यकता देखिन्छ ।

नेपालको संविधानको धारा ५१ को खण्ड (छ) को उपखण्ड (३) मा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकताहरू परिपूर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने व्यवस्था रहेको छ। ग्रामीण ऊर्जा नीति, २०६३ ले ग्रामीण क्षेत्रमा साना तथा लघु जलविद्युत आयोजना, जैविक ग्यास, सुधारिएको चुलो, सुधारिएको पानीघट्ट, सौर्य ऊर्जा प्रणालीको विकास तथा केन्द्रीय ग्रिडको विस्तार गर्ने कुरा उल्लेख गरेको छ। साथै, राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५ ले ऊर्जा दक्षता बढाउन तथा ऊर्जा संरक्षण गर्न सो सम्बन्धी कानून निर्माण गर्ने रणनीति लिएको हुँदा नेपाल सरकारले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गरेको हो। उक्त विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सङ्घीय संसदमा पेश गर्न मिति.............................. मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ ।

प्रस्तुत विधेयक पारित भई ऐन बनेमा सो को कार्यान्वयनपश्चात् नेपालमा नवीकरणीय ऊर्जाको पहिचान, प्रबर्धन, विकास र विस्तार भई वातावरण संरक्षणमा योगदान पुऱ्याउन तथा ऊर्जामा नागरिकको पहुँच वृद्धि गरी ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग, बचत र संरक्षण गर्दै दिगो विकास हासिल गर्ने राष्ट्रिय उद्देश्य प्राप्तिमा सहयोग पुग्ने अपेक्षा नेपाल सरकारले गरेको छ।

................................

(विराज भक्त श्रेष्ठ)

मन्त्री

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## आर्थिक टिप्पणी

नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धी क्रियाकलापको नियमन र व्यवस्थापनका लागि सङ्घीय तहमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता केन्द्रको स्थापना गरिनेछ। प्रस्तुत ऐनको समुचित र प्रभावकारी कार्यान्वयन गर्न प्रारम्भिक वर्षमा कर्मचारी व्यवस्थापन लगायतका प्रशासनिक तथा व्यवस्थापकीय कार्यको लागि नेपाल सरकारले केही थप बजेट विनियोजन गर्नुपर्ने हुन्छ। प्रस्तुत सन्दर्भमा देहाय बमोजिमको आर्थिक टिप्पणी पेश गरेको छु:-

(क) **नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी आर्थिक दायित्व :** नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताका लागि हाल कायम रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र त्यस्तै प्रकृतिका विद्यमान अन्य सरकारी निकायद्वारा नै नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धी कार्य गरिने हुँदा अतिरिक्त निकाय स्थापनाका लागि उल्लेख्य अतिरिक्त वित्तीय व्ययभार बहन गर्नु नपर्ने देखिन्छ।

(ख) **कार्यक्रम कार्यान्वयन सम्बन्धी आर्थिक दायित्व :** केन्द्रले प्रदेश सरकार वा स्थानीय तहले प्राविधिक सहयोग वा अन्य सहयोग माग गरेको अवस्थामा आवश्यकता, औचित्य र स्रोतको उपलब्धता समेतको आधारमा प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने हुँदा अतिरिक्त आर्थिक दायित्व बहन गर्नु पर्ने देखिदैन । नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता कार्यक्रमको कार्यान्वयनको लागि राज्यबाट हाल भइरहेको आर्थिक दायित्वमा केही अतिरिक्त तर सामान्य आर्थिक व्ययभार पर्ने देखिन्छ। तर नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता कार्यक्रमको कार्यान्वयनबाट प्रत्यक्ष र परोक्ष रुपमा मुलुकलाई दिगोरूपमा प्राप्त हुने आर्थिक एवम् अन्य लाभको तुलनामा उक्त अतिरिक्त आर्थिक ब्ययभार वास्तविक रूपमा कम नै हुने देखिन्छ।

(ग) **राजस्व तटस्थ संस्थाको परिकल्पना :** नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता केन्द्रलाई एउटा राजस्व तटस्थ संस्थाको रुपमा विकास गर्ने सोच लिइएको छ । फलतः केन्द्रको संचालन तथा व्यवस्थापन खर्च उक्त केन्द्र आफैंले ऊर्जा दक्ष उपकरणको परीक्षण तथा प्रमाणीकरणको सहजीकरण, ऊर्जा दक्षता तथा संरक्षण कोषको रकम लगानीबाट प्राप्त हुने व्याज तथा आम्दानी एवम् बजार सहजीकरण वापत प्राप्त हुने सेवा शुल्कबाट परिपूर्ति गर्न सकिने हुँदा शुरुवाती चरण पूरा भए पश्चात यो ऐनको कार्यान्वयन गर्न नेपाल सरकारलाई अतिरिक्त आर्थिक व्ययभार पर्ने अवस्था देखिदैन।

(घ) माथि विश्लेषण गरिए अनुसार यो ऐनको कार्यान्वयनको लागि प्रारम्भिक वर्षहरुमा नेपाल सरकारलाई केही न्युनतम आर्थिक व्ययभार पर्ने भए तापनि त्यसपश्चात कुनै थप आर्थिक दायित्व सिर्जना हुने छैन।

..............................

(मा. विराज भक्त श्रेष्ठ)

मन्त्री

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना :** नवीकरणीय ऊर्जाको पहिचान, प्रवर्धन, विकास र विस्तार गरी वातावरण संरक्षणमा योगदान पुऱ्याउन तथा ऊर्जामा नागरिकको पहुँच वृद्धि गरी ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग, बचत र संरक्षण गर्दै दिगो विकासका लागि नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऊर्जा" भन्नाले जलविद्युत, खनिज तेल, कोइला, ग्याँस, सौर्य, वायु, आणविक, जैविक पदार्थ वा अन्य कुनै नवीकरणीय वा अनवीकरणीय स्रोतबाट उत्पादित विद्युतीय वा तापीय ऊर्जा सम्झनुपर्छ।

(ख) "ऊर्जा दक्षता" भन्नाले ऊर्जा खपत गर्ने तरिका, प्रक्रिया वा उपकरणलाई नियन्त्रित वा व्यवस्थित गरी उपलब्ध ऊर्जाको परिमाणले बढी सेवा दिने वा उत्पादन गर्ने वा सोही परिमाणको सेवा वा उत्पादनको लागि कम ऊर्जा खपत गर्ने प्रक्रिया सम्झनुपर्छ।

(ग) "ऊर्जा परीक्षक" भन्नाले दफा ८ बमोजिम ऊर्जा परीक्षकको रूपमा काम गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ।

(घ) "ऊर्जा परीक्षण (इनर्जी अडिट)" भन्नाले ऊर्जा उपयोगको जाँच, अनुगमन र ऊर्जा दक्षताबाट हुने लाभ-लागतको विश्लेषण गरी ऊर्जा सञ्चितिको सम्भाव्यता तथा ऊर्जाको दक्षतापूर्ण उपयोग सम्बन्धी प्राविधिक परीक्षण सम्झनुपर्छ।

(ङ) "ऊर्जा बचत प्रमाणपत्र" भन्नाले दफा ९ को उपदफा (४) बमोजिमको ऊर्जा बचत प्रमाणपत्र सम्झनुपर्छ।

(च) "ऊर्जा व्यवस्थापक" भन्नाले व्यावसायिक प्रतिष्ठान वा क्षेत्रको ऊर्जा उपयोगको व्यवस्थापन एवं ऊर्जा संरक्षण सम्बन्धी उपायहरुको कार्यान्वयन गरी ऊर्जा दक्षता अभिवृद्धि गर्ने जिम्मेवारी पाएको व्यक्ति सम्झनुपर्छ।

(छ) "ऊर्जा संरक्षण" भन्नाले ऊर्जाको अनावश्यक प्रयोगलाई कटौती गर्ने कार्य सम्झनुपर्छ।

(ज) "केन्द्र" भन्नाले दफा १० बमोजिमको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता केन्द्र सम्झनुपर्छ।

(झ) "कोष" भन्नाले दफा ३० बमोजिमको दिगो ऊर्जा कोष सम्झनुपर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ट) "दिगो ऊर्जा" भन्नाले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको माध्यमबाट भावी पुस्ताको आवश्यकता र क्षमतामा असर नपर्नेगरी वर्तमानको आवश्यकता परिपूर्ति गर्न उत्पादन वा उपयोग गरिने ऊर्जा सम्झनुपर्छ।

(ठ) "नवीकरणीय ऊर्जा" भन्नाले सौर्य, वायु, जैविक, वायोजेनिक ग्याँस, भू-तापीय, गुरुत्वबल तथा जलस्रोत वा अन्य यस्तै प्रकृतिका प्राकृतिक रूपमा निरन्तर पुनर्भरण भइरहने स्रोतबाट उत्पादित ऊर्जा सम्झनुपर्छ र सो शब्दले हरित हाइड्रोजन जस्ता स्वच्छ ऊर्जा वाहकबाट उत्पादित ऊर्जालाई समेत जनाउँछ।

(ड) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा १७ बमोजिमको केन्द्रको प्रमुख कार्यकारी अधिकृत सम्झनुपर्छ।

(ढ) "प्रयोगशाला" भन्नाले दफा २९ को उपदफा (१) बमोजिम केन्द्रले सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोगशाला सम्झनुपर्छ र सो शब्दले सोही दफाको उपदफा (४) बमोजिमको प्रयोगशालालाई समेत जनाउँछ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकारको ऊर्जा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(त) "यन्त्र वा उपकरण" भन्नाले ऊर्जाको खपत, सञ्चित, उत्पादन, प्रसारण वा आपूर्ति गर्ने कुनै साधन, यन्त्र वा उपकरण सम्झनुपर्छ।

(थ) "लक्षित तथा विशेष कार्यक्रम" भन्नाले दफा २४ बमोजिमको लक्षित तथा विशेष कार्यक्रम सम्झनुपर्छ।

(द) "व्यावसायिक प्रतिष्ठान वा क्षेत्र" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेका अनुसूची बमोजिमका व्यावसायिक, औद्योगिक वा आवासीय प्रकृतिका उद्योग, संघ संस्था वा क्षेत्र सम्झनुपर्छ।

(ध) "समिति" भन्नाले दफा १४ बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

(न) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

## परिच्छेद-२
## नवीकरणीय ऊर्जाको पहिचान, प्रवर्धन, विकास र विस्तार

३. **पहिचान, प्रवर्धन, विकास र विस्तारको जिम्मेवारी** : (१) नवीकरणीय ऊर्जाको पहिचान, प्रवर्धन, विकास र विस्तार गरी ऊर्जामा नागरिकको पहुँच वृद्धि गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह गरी तीनै तहका सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिम ऊर्जामा नागरिकको पहुँच उपलब्ध गराउन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आपसमा सहकार्य र समन्वय गर्नु पर्नेछ।

(३) नवीकरणीय ऊर्जाको पहिचान, प्रवर्धन, विकास र विस्तारको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सहकार्य तथा साझेदारीमा केन्द्रले आवश्यकताअनुसार नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्नेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले उपदफा (३) बमोजिम नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी आयोजना वा कार्यक्रम सञ्चालन गर्न केन्द्रको प्राविधिक वा अन्य सहयोग लिन सक्नेछन्।

४. **प्रस्ताव पेस गर्नुपर्ने** : (१) केन्द्रको प्राविधिक वा अन्य सहयोगमा नवीकरणीय ऊर्जा सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न चाहने नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गतका निकाय, स्थानीय तह वा अन्य कुनै व्यक्ति, संस्था वा निकायले केन्द्रमा प्रस्ताव पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्दा देहायको विवरण खुलाउनु पर्नेछ :-

(क) आयोजना वा कार्यक्रमको प्रकृति, उद्देश्य, अनुमानित लागत,

(ख) आयोजना वा कार्यक्रम सञ्चालन गरिने क्षेत्र, लाभान्वित हुनसक्ने जनसङ्ख्या र समुदाय,

(ग) आयोजना वा कार्यक्रमबाट पर्ने प्रभाव,

(घ) आयोजना वा कार्यक्रमको लागि आवश्यक सहयोगको विषय,

(ङ) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने अनुमानित लाभ वा प्रतिफल,

(च) आयोजना वा कार्यक्रम शुरु गर्ने र सम्पन्न गर्ने अवधि, र

(छ) आयोजना वा कार्यक्रमको अनुगमन र मूल्याङ्कनको कार्ययोजना।

(३) उपदफा (१) बमोजिम पेस भएको प्रस्ताव र उपदफा (२) बमोजिमको विवरण केन्द्रले जाँचबुझ गर्नेछ र देहायको अवस्था विचार गरी प्रस्तावकलाई सहयोग उपलब्ध गराउन सक्नेछ :-

(क) भौगोलिक विकटता र ऊर्जा पहुँचको अवस्था,

(ख) विपद् वा अन्य कारणबाट ऊर्जा पहुँचमा परेको असर,

(ग) प्रस्तावित प्रविधिको सम्भाव्यता र दिगोपना, र

(घ) सम्बन्धित व्यक्ति, संस्था वा निकायले गर्ने साझेदारी र आयोजना सञ्चालनको सुनिश्चितता।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराएको सहयोग र त्यस्तो सहयोगबाट सञ्चालन भएको आयोजना वा कार्यक्रम र सोको उपलब्धिको विवरण केन्द्रले अभिलेख राख्नु पर्नेछ।

५. **अनुमतिपत्र लिनुपर्ने** : नवीकरणीय ऊर्जाको स्रोतबाट विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा निकायले प्रचलित कानूनबमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

## परिच्छेद-३

## ऊर्जा दक्षता, ऊर्जा संरक्षण र ऊर्जा परीक्षण (इनर्जी अडिट)

६. **ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण गर्ने जिम्मेवारी तथा दायित्व** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले ऊर्जा दक्षता हासिल गर्न तथा ऊर्जा संरक्षण गर्न देहाय बमोजिमका जिम्मेवारी तथा दायित्व पूरा गर्नु पर्नेछ :-

(क) ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी नीति तथा मापदण्ड अनुरूपको कार्यक्रम तयार गरी लागू गर्ने, गराउने,

(ख) विद्युत उत्पादन, प्रसारण, वितरण लगायत सबै प्रकारका ऊर्जाको प्रयोग गर्दा दक्ष प्रविधि, यन्त्र वा उपकरणको प्रयोग गर्ने, गराउ

(ग) ऊर्जाको अनावश्यक प्रयोग वा खपतलाई निरुत्साहन गर्ने, गराउने,

(घ) ऊर्जाको समुचित प्रयोग र व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम लागु गर्ने, गराउने,

(ङ) ऊर्जा दक्ष प्रविधि, यन्त्र वा उपकरण र सेवालाई प्राथमिकता दिई सोको प्रयोगलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने, गराउने,

(च) सबै प्रकारका ऊर्जाको उत्पादन, विकास र प्रयोग गर्दा वातावरण संरक्षण र दिगो विकासका उपाय लागु गर्ने, गराउने, र

(छ) ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी विषयमा जनस्तरमा चेतना अभिवृद्धि गर्ने।

(२) नेपाल सरकारले निर्धारण गरेको परिमाणमा ऊर्जा खपत गर्ने अनुसूचीमा उल्लेख भए बमोजिमका व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा दक्षता हासिल गर्न तथा ऊर्जा संरक्षण गर्न देहाय बमोजिमको जिम्मेवारी तथा दायित्व पूरा गर्नु पर्नेछ :-

(क) ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी वार्षिक लक्ष्य, योजना र कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने,

(ख) ऊर्जा खपत वा प्रयोगको मासिक लगत र अभिलेख राख्ने,

(ग) ऊर्जा दक्ष प्रविधि, यन्त्र वा उपकरणको प्रयोग गर्ने,

(घ) बढी ऊर्जा खपत गर्ने प्रविधि, यन्त्र वा उपकरणलाई प्रतिस्थापन गर्न वार्षिक कार्ययोजना र लक्ष्य निर्धारण गरी कार्यान्वयन गर्ने,

(ङ) ऊर्जा उत्पादन, आपूर्ति वा खपतको लागि प्रयोग भएको प्रविधि, यन्त्र वा उपकरण र प्रणालीको ऊर्जा परीक्षण (इनर्जी अडिट) गराउने, र

(च) ऊर्जा परीक्षण (इनर्जी अडिट) प्रतिवेदनमा औंल्याइएका सुझावको कार्यान्वयन गर्ने।

(३) उपदफा (२) बमोजिमको जिम्मेवारी तथा दायित्वको कार्यान्वयन गर्न व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा व्यवस्थापकको व्यवस्था गर्नुपर्नेछ ।

७. **ऊर्जा परीक्षण (इनर्जी अडिट) गराउने** : (१) व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले सञ्चालनमा आएको मितिले पहिलो पटक तीन वर्षभित्र र त्यसपछि प्रत्येक तीन वर्षमा ऊर्जा परीक्षकबाट ऊर्जा परीक्षण (इनर्जी अडिट) गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले पहिलो पटक यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र ऊर्जा परीक्षकबाट ऊर्जा परीक्षण (इनर्जी अडिट) गराउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम ऊर्जा परीक्षण (इनर्जी अडिट) गर्ने ऊर्जा परीक्षकले देहायका विषय समावेश गरी प्रतिवेदन तयार गर्नु पर्नेछ :-

(क) ऊर्जा परीक्षण (इनर्जी अडिट) सम्बन्धी नीति तथा मापदण्ड,

(ख) ऊर्जा उपयोग वा प्रयोग सम्बन्धी तथ्याङ्क वा विवरण,

(ग) ऊर्जाको उत्पादन, प्रसारण, वितरण, आपूर्ति वा खपतका लागि प्रयोग गरिएका प्रविधि, यन्त्र वा उपकरण,

(घ) ऊर्जा खपतको अवस्था, र

(ङ) ऊर्जा बचतका लागि अवलम्बन गरिएका उपाय।

(४) उपदफा (३) बमोजिम तयार गरेको प्रतिवेदन ऊर्जा परीक्षकले सम्बन्धित व्यावसायिक प्रतिष्ठान वा क्षेत्र र केन्द्रलाई एक-एक प्रति उपलब्ध गराउनु पर्नेछ।

८. **ऊर्जा परीक्षकको अनुमतिपत्र लिनुपर्ने** : (१) यस ऐनबमोजिम ऊर्जा परीक्षकको रूपमा काम गर्न चाहने व्यक्तिले केन्द्रबाट ऊर्जा परीक्षक अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको ऊर्जा परीक्षक अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिले केन्द्रले तोकेको विवरण र दस्तुर सहित केन्द्रसमक्ष निवेदन दिनु पर्नेछ:-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ् वा ऊर्जासँग सम्बन्धित विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरेको,

(ख) ऊर्जा क्षेत्रमा कम्तीमा दुई वर्षको अनुभव प्राप्त गरेको, र

(ग) केन्द्रले सञ्चालन गरेको तालिम प्राप्त गरेको।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन सहितको विवरण जाँचबुझ गर्दा उपयुक्त देखिएमा केन्द्रले आवश्यक सर्त तोकी पाँच वर्षको लागि ऊर्जा परीक्षक अनुमतिपत्र प्रदान गर्नेछ।

(४) ऊर्जा परीक्षक अनुमतिपत्रको अवधि समाप्त हुनु अगावै ऊर्जा परीक्षकले केन्द्रले तोकेको दस्तुर तिरी केन्द्रबाट त्यस्तो अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र ऊर्जा परीक्षक अनुमतिपत्रको नवीकरण नगराएमा तोकिए बमोजिमको थप दस्तुर तिरी अनुमतिपत्रको अवधि समाप्त भएको मितिले छ महिनाभित्र नवीकरण गराउन सकिनेछ।

(६) उपदफा (३) बमोजिम प्रदान गरिएको ऊर्जा परीक्षक अनुमतिपत्र केन्द्रले देहायको अवस्थामा रद्द गर्नेछ:-

(क) झुट्ठा विवरण पेस गरी अनुमतिपत्र लिएको प्रमाणित भएमा,

(ख) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा,

(ग) अनुमतिपत्र प्रदान गर्दाका बखत तोकेको सर्त उल्लङ्घन गरेमा, वा

(घ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत काम गरेमा।

(७) उपदफा (६) बमोजिम ऊर्जा परीक्षक अनुमतिपत्र रद्द गर्नुअघि सम्बन्धित व्यक्तिलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

९. **ऊर्जा बचत योजना** : (१) केन्द्रले प्रति इकाइ वस्तु वा सेवाको उत्पादन गर्दा उपयोग गर्ने ऊर्जाको खपत घटाउन सम्बन्धित विषयक्षेत्रका व्यावसायिक प्रतिष्ठान वा क्षेत्रसँग परामर्श गरी व्यावसायिक प्रतिष्ठान वा क्षेत्रको प्रकृति अनुसार फरक फरक हुनेगरी ऊर्जा बचत योजना तर्जुमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजनामा देहायका विषय समावेश गर्नु पर्नेछ :-

(क) ऊर्जा बचतको न्यूनतम तथा अधिकतम लक्ष्य,

(ख) लक्ष्य हासिल गर्न अवलम्बन गर्न सकिने उपाय,

(ग) ऊर्जा बचत लक्ष्य हासिल गर्न लाग्ने समय र हासिल गरिएको ऊर्जा बचत कायम रहने समय सीमा,

(घ) निर्धारित लक्ष्यभन्दा बढी ऊर्जा बचत भएको हकमा बचत भएको ऊर्जा बराबरको ऊर्जा बचत प्रमाणपत्र जारी गर्ने आधार,

(ङ) लक्ष्यभन्दा बढी ऊर्जा बचत गर्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रलाई दिइने प्रोत्साहन, र

(च) लक्ष्य बमोजिम ऊर्जा बचत गर्न नसकेमा तिर्नुपर्ने क्षतिपूर्ति।

(३) उपदफा (१) बमोजिमको ऊर्जा बचत योजनामा व्यावसायिक प्रतिष्ठान वा क्षेत्र सहभागी हुनु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क) बमोजिम निर्धारण गरेको लक्ष्य व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले हासिल गरे वा नगरेको सम्बन्धमा दफा ७ को उपदफा (४) बमोजिम ऊर्जा परीक्षकले दिएको प्रतिवेदनको आधारमा केन्द्रले मूल्याङ्कन गरी लक्ष्यभन्दा बढी ऊर्जा बचत गर्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रलाई सो बराबरको ऊर्जा बचत प्रमाणपत्र दिनेछ।

(५) उपदफा (४) बमोजिम ऊर्जा बचत प्रमाणपत्र प्राप्त गर्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रलाई उपदफा (१) बमोजिमको ऊर्जा बचत योजनामा उल्लेख भएबमोजिम प्रोत्साहन गरिनेछ।

(६) उपदफा (४) बमोजिम ऊर्जा बचत प्रमाणपत्र प्राप्त गर्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले त्यस्तो प्रमाणपत्र अन्य व्यावसायिक प्रतिष्ठान वा क्षेत्रलाई बिक्री गर्न सक्नेछ र ऊर्जा बचतको लक्ष्य हासिल गर्न नसक्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले पूरा गर्न नसकेको लक्ष्य बराबरको ऊर्जा बचत प्रमाणपत्र लक्ष्यभन्दा बढी ऊर्जा बचत गर्ने अन्य व्यावसायिक प्रतिष्ठान वा क्षेत्रबाट खरिद गरी लक्ष्य पूरा गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम ऊर्जा बचत प्रमाणपत्र खरिद गरी लक्ष्य पूरा गर्न नसक्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले उपदफा (१) बमोजिमको ऊर्जा बचत योजनामा उल्लेख भएबमोजिम क्षतिपूर्ति बापतको रकम केन्द्रमा बुझाउनु पर्नेछ।

## परिच्छेद-४
## केन्द्रको स्थापना तथा काम, कर्तव्य र अधिकार

१०. **केन्द्रको स्थापना** : (१) नवीकरणीय ऊर्जाको पहिचान, प्रवर्धन, विकास र बिस्तार गर्न तथा ऊर्जा दक्षता हासिल गर्न र ऊर्जा संरक्षण गर्नको लागि नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता केन्द्रको स्थापना गरिएको छ।

(२) केन्द्रलाई अङ्ग्रेजी भाषामा "रिन्यूएबल इनर्जी एण्ड इनर्जी ईफिसिएन्सी सेन्टर" भनिनेछ।

(३) केन्द्रको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

११. **केन्द्र स्वशासित सङ्गठित संस्था हुने** : (१) केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) केन्द्रले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ र कानूनी व्यक्तिको हैसियतले प्रचलित कानूनबमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

१२. **केन्द्रको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी नीति, रणनीति, योजना तथा कार्यक्रम तयार गर्ने,

(ख) नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ग) नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा अन्य कुनै व्यक्ति, संस्था वा निकायलाई प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने,

(घ) ऊर्जा सम्मिश्रणमा सघाउ पुऱ्याउन स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "ऊर्जा सम्मिश्रण" भन्नाले ऊर्जा आवश्यकता परिपूर्ति गर्न उपलब्ध ऊर्जाका विभिन्न स्रोतबाट ऊर्जा उत्पादन र उपयोग गर्ने कार्य सम्झनुपर्छ।

(ङ) नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको क्षेत्रमा निजी क्षेत्रको सहभागिता र लगानी वृद्धिका लागि प्रोत्साहन गर्ने,

(च) नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा अध्ययन अनुसन्धान, नवीन प्रविधि, यन्त्र वा उपकरणको विकास, प्रयोग, प्रवर्धन तथा संरक्षण गर्ने वा गराउने,

(छ) ऊर्जा दक्ष प्रविधि, यन्त्र वा उपकरणको परीक्षण तथा प्रमाणीकरण (टेष्टिङ्ग एण्ड सर्टिफिकेशन) गर्ने, गराउने,

(ज) ऊर्जा परीक्षण (इनर्जी अडिट) गर्न आवश्यक जनशक्ति विकासका लागि तालिमको पाठ्यक्रम तयार गर्ने,

(झ) नेपालले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासँग सम्बन्धित प्रतिबद्धता कार्यान्वयन गर्न नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने,

(ञ) दिगो ऊर्जाको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था वा निकायसँग आवश्यक समन्वय गर्ने,

(ट) दिगो ऊर्जासँग सम्बन्धित प्रविधिको विकासका लागि स्रोत पहिचान तथा नक्साङ्कन गर्ने,

(ठ) दिगो ऊर्जासँग सम्बन्धित राष्ट्रियस्तरको सूचना तथा तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने र सोको अभिलेख राख्ने,

(ड) अन्तर्राष्ट्रिय संघ-संस्थाबाट नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा नेपाल सरकारलाई प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगका कार्यक्रम कार्यान्वयन गर्ने, गराउने, र

(ढ) कार्बन व्यापार वृद्धिको लागि कार्बन उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी आयोजनाको विकास तथा कार्यान्वयन गर्ने।

१३. **तालिम सञ्चालन गर्ने** : (१) दफा ८ बमोजिम ऊर्जा परीक्षकको अनुमतिपत्र लिन चाहने व्यक्तिको लागि केन्द्रले तालिम सञ्चालन गर्नु पर्नेछ।

(२) केन्द्रले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणसँग सम्बन्धित विषयमा जुनसुकै व्यक्ति, संस्था वा निकायलाई तालिम सञ्चालन गर्न वा गराउन सक्नेछ।

## परिच्छेद-५
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१४. **सञ्चालक समिति** : (१) केन्द्रको काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछ :-

(क) ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सहसचिव, कृषि, वन तथा पर्यावरण मन्त्रालय -सदस्य

(ङ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(च) सहसचिव (कानून), मन्त्रालय -सदस्य

(छ) कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण -सदस्य

(ज) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता वा ऊर्जा संरक्षणको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका व्यक्तिहरू मध्येबाट नवीकरणीय ऊर्जा उत्पादक र उपभोक्ता समेतको प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना -सदस्य

(झ) नेपाल नगरपालिका सङ्घको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ञ) गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ट) प्रमुख कार्यकारी अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ज) बमोजिमको सदस्य मनोनयन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ज) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ र निज पुनः एकपटक मनोनयन हुन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यको खराब आचरण भएमा वा निजमा कार्यक्षमताको अभाव देखिएमा वा निजले पदीय दायित्व पूरा नगरेमा वा केन्द्रको हित विपरीत हुने कुनै कार्य गरेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(६) समितिको सचिवालय केन्द्रमा रहनेछ।

१५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी नीति तथा रणनीति तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गर्ने,

(ख) केन्द्रको योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) केन्द्रको वार्षिक प्रतिवेदन स्वीकृत गरी मन्त्रालयसमक्ष पेश गर्ने,

(घ) केन्द्रले गर्ने काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्ने, र

(ङ) केन्द्रले सञ्चालन गर्ने तालिमको पाठ्यक्रम स्वीकृत गर्ने।

(२) समितिले केन्द्रको काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ।

१६. **<u>समितिको बैठक</u>** : (१) समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) केन्द्रको सहयोगमा सञ्चालन हुने आयोजनासँग सम्बन्धित प्रदेशका ऊर्जा सम्बन्धी विषय हेर्ने मन्त्रालयको प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ।

(५) समितिको बैठकमा सम्बन्धित स्थानीय तहका प्रतिनिधि तथा आवश्यकताअनुसार अन्य विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयको सचिवले अध्यक्षता गर्नेछ।

(७) समितिको बैठकमा पेस भएको कार्य सूचीमा समावेश भएको कुनै विषयमा कुनै सदस्यको स्वार्थ बाझिने देखिएमा त्यस्तो सदस्यले सोको स्वघोषणा गरी निर्णय प्रक्रियाबाट अलग हुनुपर्नेछ।

(८) दफा १४ को उपदफा (१) को खण्ड (ट) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतको स्वार्थ बाझिने विषय समितिको बैठकमा पेस हुने भएमा त्यस्तो बैठकको हकमा सदस्यसचिवको रूपमा काम गर्न समितिको अध्यक्षले केन्द्रको वरिष्ठतम कर्मचारीलाई तोक्न सक्नेछ।

(९) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(१०) समितिको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति र समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछन्।

(११) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-६
## प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारी

१७. **प्रमुख कार्यकारी अधिकृत** : (१) केन्द्रको कार्यकारी प्रमुखको रूपमा काम गर्न एकजना प्रमुख कार्यकारी अधिकृत रहनेछ।

(२) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -संयोजक |
| (ख) | मान्यताप्राप्त विश्वविद्यालयबाट वातावरण विज्ञान, इन्जिनियरिङ्, ऊर्जा, विज्ञान, व्यवस्थापन, कानून वा अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता वा ऊर्जा संरक्षणको क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेका व्यक्तिहरू मध्येबाट मन्त्रालयले तोकेको एकजना विज्ञ | -सदस्य |
| (ग) | सहसचिव, मन्त्रालय | -सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले दफा १८ बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट खुला प्रतिस्पर्धाद्वारा छनोट गरी उपयुक्त तीन जनाको नाम सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्दा नेतृत्व क्षमता, भावी कार्ययोजना, प्रस्तुतीकरण र अन्तर्वार्तालाई आधार लिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम सिफारिस गरिएका व्यक्तिमध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले केन्द्रको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ।

(७) उपदफा (३) र (४) बमोजिम सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने अन्य कार्यविधि सिफारिस समितिले निर्धारण गर्न सक्नेछ।

१८. **प्रमुख कार्यकारी अधिकृतको योग्यता** : प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) साठी वर्ष उमेर ननाघेको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट वातावरण विज्ञान, इञ्जिनियरिङ्ग, ऊर्जा, विज्ञान, व्यवस्थापन, वित्तशास्त्र वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको, र

(घ) नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता वा ऊर्जा संरक्षणको क्षेत्रमा व्यवस्थापकीय तह वा अधिकृत स्तरमा कम्तीमा दश वर्ष काम गरेको।

१९. **अयोग्यता** : देहायको व्यक्ति केन्द्रको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति हुन वा बहाल रहन अयोग्य हुनेछ :-

(क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागूऔषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, शरीरबन्धक, सङ्गठित अपराध सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

(ख) प्रचलित कानूनबमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको, वा

(ग) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी रहेको।

२०. **पदबाट हटाउन सक्ने** : (१) दफा १७ को उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ :-

(क) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) दफा १९ बमोजिम अयोग्य ठहरिएमा,

(ग) बदनियतपूर्ण काम गरेको प्रमाणित भएमा, वा

(घ) शारीरिक वा मानसिक रूपले काम गर्न असमर्थ देखिएमा।

(२) उपदफा (१) बमोजिम प्रमुख कार्यकारी अधिकृतलाई पदबाट हटाउनुअघि मन्त्रालयले मन्त्रालयका सचिवको संयोजकत्वमा मन्त्रालयको कानून महाशाखा प्रमुख र एकजना सम्बन्धित विषय विज्ञ सहितको समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले प्रमुख कार्यकारी अधिकृतको सम्बन्धमा आवश्यक छानबिन गरी कार्यप्रारम्भ गरेको मितिले तिस दिनभित्र मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष पेस गर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रमुख कार्यकारी अधिकृतलाई पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्रमुख कार्यकारी अधिकृतलाई आफ्नो पदबाट हटाउनुअघि निजलाई कम्तीमा सात दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

२१. **कामकाज गर्न तोक्न सक्ने** : (१) प्रमुख कार्यकारी अधिकृत निलम्बनमा परेमा वा प्रमुख कार्यकारी अधिकृतको पद कुनै कारणले एक महिनाभन्दा बढी अवधि रिक्त भएमा मन्त्रालयले केन्द्रमा कार्यरत स्थायी कर्मचारीहरू मध्ये वरिष्ठतम् कर्मचारीलाई सो पदको कामकाज गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कामकाज गर्न तोकिएको कर्मचारीले यस ऐनबमोजिम प्रमुख कार्यकारी अधिकृतको अधिकारको प्रयोग र दायित्वको निर्वाह गर्नेछ र निजले प्रमुख कार्यकारी अधिकृत सरहको सेवा र सुविधा प्राप्त गर्नेछ।

(३) उपदफा (१) बमोजिम पद रिक्त भएको कारणले कामकाज गर्न कर्मचारी तोक्दा बढीमा छ महिनासम्मको लागि मात्र तोक्न सकिनेछ।

२२. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) केन्द्रको बजेट, योजना, कार्यक्रम तथा आयव्ययको विवरण तयार गरी समितिसमक्ष पेस गर्ने,

(ख) समितिको निर्णय तथा स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ग) सरोकारवाला निकाय तथा अन्य सङ्घ संस्थासँग आवश्यक समन्वय गर्ने,

(घ) केन्द्रको आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन र व्यवस्थापन गर्ने तथा मातहतका कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सुपरीवेक्षण गर्ने, र

(ङ) समितिले तोकेको अन्य कार्य गर्ने।

२३. **कर्मचारी तथा सङ्गठन संरचना** : (१) केन्द्रको काम प्रभावकारी रूपले सञ्चालन गर्नको लागि केन्द्रमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) केन्द्रको कार्यबोझ र आर्थिक क्षमता समेतका आधारमा केन्द्रको सङ्गठन संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेबमोजिम हुनेछ।

## परिच्छेद-७
## लक्षित तथा विशेष कार्यक्रम र कर्जा प्रवाह

२४. **लक्षित तथा विशेष कार्यक्रम** : (१) केन्द्रले ऊर्जाको पहुँच नपुगेको वा पर्याप्त नभएको क्षेत्र, परम्परागत ऊर्जाको अधिक उपयोग भइरहेको क्षेत्र वा नेपाल सरकारले निर्धारण गरेको परिमाण भन्दा बढी ऊर्जा खपत गर्ने क्षेत्र पहिचान गरी लक्षित तथा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लक्षित तथा विशेष कार्यक्रम सञ्चालन गर्दा केन्द्रले प्रदेश सरकार, स्थानीय तह र अन्य सरोकारवाला निकायसँग सहकार्य र समन्वय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको लक्षित तथा विशेष कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार वा स्थानीय तहले केन्द्रसमक्ष प्राविधिक वा अन्य सहयोग वा साझेदारीका लागि लेखी पठाउन सक्नेछन्।

(५) उपदफा (४) बमोजिम सहयोग वा साझेदारीका लागि लेखी आएमा केन्द्रले आवश्यकता, औचित्य र सोको लागि स्रोतको उपलब्धता समेतको आधारमा प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(६) यस दफाबमोजिम लक्षित तथा विशेष कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक समानता, सीमान्तकृत वर्गको उत्थान, सामाजिक समावेशीकरण, सहभागिता तथा क्षेत्रगत सन्तुलनलाई प्राथमिकता दिनु पर्नेछ।

२५. **सहुलियतपूर्ण कर्जा प्रवाह गर्नसक्ने** : (१) नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा आर्थिक तथा सामाजिक दृष्टिले आवश्यक देखिएका तर व्यावसायिक रूपमा कर्जा लिएर निर्माण तथा सञ्चालन गर्न नसक्ने प्रकृतिका आयोजना सञ्चालन गर्न केन्द्रले कुनै निकाय वा संस्थालाई प्रचलित कानूनबमोजिम स्थापित बैङ्क तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण कर्जा प्रवाह गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि केन्द्रले देहायका क्षेत्रमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्नेछ :-

(क) भौगोलिक रूपमा विकट र ग्रामीण क्षेत्र,

(ख) आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको क्षेत्र र विपन्न समुदाय रहेको क्षेत्र,

(ग) विपद् प्रभावित क्षेत्र,

(घ) परम्परागत ऊर्जाको अधिक उपयोग भइरहेको क्षेत्र,

(ङ) ऊर्जा बचत वा ऊर्जा दक्षताको सम्भाव्यता बढी भएका क्षेत्र, वा

(च) मौलिक तथा परम्परागत सीप तथा प्रविधिमा आधारित उद्यम।

(३) उपदफा (१) बमोजिम प्रवाह गरिने सहुलियतपूर्ण कर्जाको ब्याजदर समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम प्रवाह गर्ने सहुलियतपूर्ण कर्जा लगानी तथा सोको सावाँ र ब्याजको विवरण केन्द्रले अद्यावधिक गरी राख्नु पर्नेछ।

(५) यस दफाबमोजिम सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद- ८
## गुणस्तर निर्धारण र परीक्षण

२६. **गुणस्तर निर्धारण गर्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर निर्धारण गर्न सक्नेछ।

२७. **परीक्षण गराउनु पर्ने** : (१) नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धी प्रविधि, यन्त्र वा उपकरण प्रचलित कानूनबमोजिम उत्पादन वा पैठारी गरी नेपालमा बिक्री वितरण गर्न चाहने व्यक्ति, संस्था वा निकायले त्यस्तो प्रविधि, यन्त्र वा उपकरण केन्द्रबाट परीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर परीक्षण गर्दा केन्द्रले सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिएबमोजिम सेवा शुल्क लिन सक्नेछ।

२८. **सिफारिस गर्नसक्ने** : (१) दफा २७ बमोजिम कुनै प्रविधि, यन्त्र वा उपकरण परीक्षण गर्दा बढी ऊर्जा खपत गर्ने देखिएमा त्यस्तो प्रविधि, यन्त्र वा उपकरण उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्न निषेध गर्न वा प्रतिबन्ध लगाउन समितिले नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिको सिफारिसको आधारमा नेपाल सरकारले त्यस्तो प्रविधि, यन्त्र वा उपकरणको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण निषेध गर्न वा प्रतिबन्ध लगाउन सक्नेछ।

२९. **प्रयोगशालाको स्थापना र सञ्चालन** : (१) नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासँग सम्बन्धित प्रविधि, यन्त्र वा उपकरण दफा २६ बमोजिम निर्धारित गुणस्तर अनुरूप भए नभएको परीक्षण गर्न केन्द्रले एक प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रयोगशाला स्थापना नभएसम्म नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिमको प्रयोगशालाको स्थापना तथा सञ्चालनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार वा स्थानीय तहले आफू अन्तर्गत सञ्चालन हुने आयोजना र कार्यक्रममा प्रयोग हुने स्थानीयस्तरमा उत्पादन वा विकास भएको प्रविधि, यन्त्र वा उपकरण परीक्षण गर्नको लागि उपदफा (३) बमोजिमको मापदण्डको अधीनमा रही प्रदेश वा स्थानीय तहको कानूनबमोजिम प्रयोगशालाको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रयोगशाला स्थापना नभएसम्म प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत सञ्चालन हुने आयोजना र कार्यक्रममा प्रयोग हुने स्थानीयस्तरमा उत्पादन वा विकास भएको प्रविधि, यन्त्र वा उपकरणको परीक्षण उपदफा (१) वा (२) बमोजिमको प्रयोगशालामा गराउन सकिनेछ।

## परिच्छेद-९
## कोष तथा लेखापरीक्षण

३०. **केन्द्रको कोष** : (१) केन्द्रमा दिगो ऊर्जा कोष नामको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(घ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम केन्द्रले सेवा उपलब्ध गराए बापत प्राप्त हुने रकम,

(ङ) केन्द्रबाट सञ्चालित कार्बन व्यापार तथा जलवायु वित्त सम्बन्धी आयोजना तथा कार्यक्रम बापत प्राप्त हुने रकम,

(च) दफा ८ बमोजिम ऊर्जा परीक्षकको अनुमतिपत्र जारी गर्दा वा सोको नवीकरण गर्दा लाग्ने दस्तुर बापत प्राप्त रकम, र

(छ) दफा ९ को उपदफा (७) बमोजिम क्षतिपूर्ति बापत प्राप्त हुने रकम।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्नुअघि केन्द्रले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम केन्द्रले तोकेको "क" वर्गको वाणिज्य बैङ्कमा केन्द्रको नाममा खाता खोली जम्मा गरिनेछ।

(५) केन्द्रको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

३१. **लेखा र लेखापरीक्षण** : (१) केन्द्रले आफ्नो आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणालीबमोजिम राख्नु पर्नेछ।

(२) केन्द्रको आन्तरिक लेखापरीक्षण प्रचलित कानूनबमोजिम कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) नेपाल सरकारले चाहेमा केन्द्रको आयव्ययको लेखासम्बन्धी कागजात जुनसुकै बखत जाँच गर्न सक्नेछ।

## परिच्छेद-१०
## विविध

३२. **जरिबाना गर्ने** : (१) कसैले देहायको कुनै काम गरे वा गराएमा प्रमुख कार्यकारी अधिकृतले देहायबमोजिम जरिबाना गर्नेछ :-

(क) व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले दफा ६ को उपदफा (२) बमोजिमको जिम्मेवारी तथा दायित्व पूरा नगरेमा पाँच लाख रुपैयाँसम्म,

(ख) दफा २७ को उपदफा (१) बमोजिम परीक्षण गर्नुपर्ने नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी प्रविधि, यन्त्र वा उपकरणको परीक्षण नगराई बिक्री वितरण गरेमा दश लाख रुपैयाँसम्म,

(ग) दफा २८ को उपदफा (२) बमोजिम निषेध वा प्रतिबन्ध गरिएको प्रविधि, यन्त्र वा उपकरणको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गरेमा बिस लाख रुपैयाँसम्म,

(घ) केन्द्रबाट प्राप्त प्राविधिक वा अन्य सहयोग जुन प्रयोजनको लागि प्राप्त गरेको हो सो प्रयोजन विपरीत हुने गरी दुरुपयोग गरेमा केन्द्रसँग कुनै सम्झौता भए सोही सम्झौतामा उल्लेख भएबमोजिम र सम्झौता नभएमा बिगो भराई बिगो बमोजिमको रकम, र

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएदेखि बाहेक यस ऐन विपरीतको कुनै कार्य गरेमा तीन लाख रुपैयाँसम्म।

(२) उपदफा (१) बमोजिम जरिबाना गर्नुअघि प्रमुख कार्यकारी अधिकृतले सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रमुख कार्यकारी अधिकृतले गरेको जरिबानामा चित्त नबुझ्ने व्यक्ति, संस्था वा निकायले सो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ।

३३. **राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्न सकिने** : केन्द्रको सहयोग तथा साझेदारीमा सञ्चालित क्याप्टिभ ऊर्जा आयोजना वा अफग्रिड प्रणालीबाट उत्पादन भएको विद्युत बचत हुने भएमा वा सो क्षेत्रमा राष्ट्रिय प्रसारण प्रणालीमार्फत विद्युत वितरण हुने भएमा त्यस्तो विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गरी प्रचलित कानूनबमोजिम अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्न सकिनेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "क्याप्टिभ ऊर्जा आयोजना" भन्नाले कुनै व्यक्ति, संस्था, उद्योग, फर्म वा कम्पनीले आफूले उत्पादन गरेको ऊर्जाको कम्तीमा एकाउन्न प्रतिशत आफैंले उपयोग गर्ने गरी निर्माण वा जडान गरेको नवीकरणीय ऊर्जा आयोजना सम्झनुपर्छ।

३४. **अनुगमन तथा निरीक्षण गर्नु, गराउनु पर्ने**: (१) केन्द्रको सहयोग तथा केन्द्रसँगको साझेदारीमा सञ्चालित नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणसँग सम्बन्धित आयोजना तथा कार्यक्रमको केन्द्रले अनुगमन तथा निरीक्षण गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा सम्बन्धित व्यक्ति, संस्था वा निकायले यस ऐन बमोजिम आयोजना तथा कार्यक्रम सञ्चालन गरेको नपाइएमा केन्द्रले त्यस्तो व्यक्ति, संस्था वा निकायलाई आवश्यक निर्देशन दिनसक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा निरीक्षणको प्रतिवेदन तयार गरी समिति समक्ष पेस गर्नु पर्नेछ।

३५. **वित्तीय मध्यस्थकर्ता तोक्नसक्ने** : नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण बापत प्राप्त हुने लाभको व्यवस्थापन गर्न केन्द्रलाई वित्तीय मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नेगरी तोक्न सक्नेछ।

३६. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** : केन्द्रले सञ्चालन गर्ने नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी आयोजना वा कार्यक्रममा लैङ्गिक समानता, सीमान्तकृत वर्गको उत्थान तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिनु पर्नेछ।

३७. **जफत गर्न लेखी पठाउन सक्ने**: यस ऐन विपरीत हुनेगरी कसैले उत्पादन, आपूर्ति, बिक्री-वितरण वा जडान गरेका यन्त्र वा उपकरण जफत गर्नको लागि केन्द्रले प्रचलित कानूनबमोजिम अनुमतिपत्र प्रदान गर्ने निकायलाई लेखी पठाउन सक्नेछ।

३८. **प्रतिवेदन पेस गर्नुपर्ने**: (१) यस ऐनबमोजिम केन्द्रबाट सहयोग प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले देहायका विवरण खुलाई केन्द्रसमक्ष वार्षिक रूपमा प्रतिवेदन पेस गर्नु पर्नेछ :-

(क) आयोजना वा कार्यक्रम सञ्चालन भएको क्षेत्र,

(ख) लाभान्वित भएको जनसङ्ख्या र समुदाय,

(ग) आयोजना वा कार्यक्रमको प्रभाव,

(घ) आयोजना वा कार्यक्रममा भएको खर्च,

(ङ) आयोजना वा कार्यक्रमबाट प्राप्त उपलब्धि, र

(च) आयोजनाको दिगोपना सम्बन्धी योजना।

(२) प्रमुख कार्यकारी अधिकृतले केन्द्रले वार्षिक रूपमा सम्पादन गरेका काम, कारबाही तथा आय व्ययको विवरण, नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा संरक्षणको क्षेत्रमा हासिल गरेका उपलब्धि, सो क्षेत्रमा रहेका समस्या र समाधानका उपाय सहितको विवरण समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र समितिसमक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन केन्द्रले सार्वजनिक गर्नु पर्नेछ।

३९. **अधिकार प्रत्यायोजन** : (१) समितिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकताअनुसार अध्यक्ष, सदस्य वा प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुख कार्यकारी अधिकृतले उपदफा (१) बमोजिम प्रत्यायोजित अधिकार र दफा २२ बमोजिमको अधिकार बाहेकका आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार केन्द्रको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४०. **उपसमिति वा कार्यदल गठन गर्नसक्ने**: (१) समितिले आफ्नो कार्य प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यकताअनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमिति तथा कार्यदलको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र, कार्याविधि तथा सुविधा समितिले त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोकेबमोजिम हुनेछ।

४१. **शपथ लिनुपर्ने** : दफा १४ को खण्ड (ज) बमोजिमका मनोनीत सदस्य तथा प्रमुख कार्यकारी अधिकृतले आफ्नो पदीय जिम्मेवारी सम्हाल्नुअघि समितिको अध्यक्षसमक्ष प्रचलित कानून बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

४२. **प्रचलित कानूनबमोजिम हुने** : यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

४३. **नेपाल सरकारसँग सम्पर्क** : केन्द्रले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नु पर्नेछ।

४४. **अनुसूचीमा संशोधन** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ।

४५. **नियम बनाउने अधिकार** : (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछ :-

(क) केन्द्रले प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने विषय,

(ख) प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर निर्धारण तथा परीक्षण र शुल्क सम्बन्धी विषय,

(ग) दफा १३ बमोजिम तालिम सञ्चालन सम्बन्धी विषय,

(घ) प्रयोगशालाको व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विषय,

(ङ) नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी विषय,

(च) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाको सर्त र सुविधा सम्बन्धी विषय,

(छ) ऊर्जा परीक्षण (इनर्जी अडिट), ऊर्जा परीक्षकको काम, कर्तव्य र अधिकार तथा अनुमतिपत्र प्रदान गर्ने कार्यविधि सम्बन्धी विषय,

(ज) केन्द्रबाट सञ्चालन हुने तालिम तथा सोको पाठ्यक्रम स्वीकृति सम्बन्धी विषय,

(झ) ऊर्जा बचत योजना तथा ऊर्जा बचत प्रमाणपत्र सम्बन्धी विषय,

(ञ) लक्षित तथा विशेष कार्यक्रम सञ्चालन विधि,

(ट) कोषको रकमको प्रयोग, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विषय,

(ठ) वित्तीय मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दा अपनाउनुपर्ने प्रक्रिया र

(ड) ऊर्जा व्यवस्थापकको योग्यता, काम, कर्तव्य र अधिकार सम्बन्धी विषय।

४६. **विनियम बनाउने अधिकार** : (१) समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही देहायका विषयमा विनियम बनाउन सक्नेछ :-

(क) केन्द्रका कर्मचारीको काम, कर्तव्य, अधिकार, योग्यता, सेवा, सर्त तथा सुविधा सम्बन्धी विषय,

(ख) आर्थिक प्रशासन सम्बन्धी विषय,

(ग) केन्द्रको आन्तरिक कार्य सञ्चालन सम्बन्धी विषय।

(२) उपदफा (१) बमोजिमको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ।

४७. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने** : यस ऐनको अधीनमा रही समितिले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

४८. **खारेजी र बचाउ** : (१) वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ खारेज गरिएको छ।

(२) वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ बमोजिम स्थापना भएको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र यो ऐन प्रारम्भ भएपछि स्वतः केन्द्रमा परिणत हुनेछ।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

(४) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व केन्द्रमा सर्नेछ।

(५) उपदफा (१) बमोजिमको आदेश बमोजिमको केन्द्रीय नवीकरणीय ऊर्जा कोष यो ऐन अन्तर्गतको कोषमा स्वतः परिणत हुनेछ।

(६) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिमा कार्यरत स्थायी कर्मचारी केन्द्रको समान स्तर र तहको पदमा बहाल रहेको मानिनेछ।

(७) उपदफा (१) बमोजिमको आदेशबमोजिम नियुक्त भई यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको कार्यकारी निर्देशक निजको बाँकी पदावधिसम्म बहाल रहनेछ।

## अनुसूची

**(दफा २ को खण्ड (थ) र दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**

**ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी व्यवस्था लागु हुने व्यावसायिक प्रतिष्ठान वा क्षेत्र**

१. व्यवसाय, उद्योग तथा कलकारखाना र व्यापारिक प्रतिष्ठान,

२. यातायातका साधन (यात्रु तथा गैह्रयात्रु बाहक),

३. सरकारी, व्यावसायिक, आवासीय र व्यापारिक भवन,

४. सेवा क्षेत्र (अस्पताल, विद्यालय, विश्वविद्यालय),

५. कृषि, सिंचाइ र खानेपानी क्षेत्र,

६. ऊर्जा उत्पादन, आपूर्ति वा खपत गर्ने उपकरण, सोको उत्पादन वा पैठारी,

७. ऊर्जा उत्पादन, प्रसारण वा वितरण।

# नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक सम्बन्धी व्याख्यात्मक टिप्पणी

## १. पृष्ठभूमिः

नवीकरणीय ऊर्जाको प्रवर्द्धन र ऊर्जा दक्षताको विकास तथा अवलम्बनको लागि तीनै तहका सरकारबीच अधिकार र जिम्मेवारी बाँडफाँटको आवश्यकता बोध भई नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको प्रवर्द्धन, विकास र विस्तार गरी दिगो ऊर्जामा नागरिकको पहुँच वृद्धि गर्न केन्द्र, प्रदेश एवम् स्थानीय तहको जिम्मेवारी स्थापित गर्ने गरी नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विस्तार गर्न, ऊर्जा दक्षता तथा संरक्षण र ऊर्जा परीक्षण गर्न, नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा संरक्षणसँग सम्बन्धित प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर निर्धारण गर्ने लक्ष्य प्राप्तिका लागि नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ तयार गरिएको छ ।

यस प्रस्तावित विधेयक सम्बन्धमा संसदीय काम कारबाही तथा समितिमा हुने छलफल प्रक्रियालाई दिशा निर्देश गर्न तथा त्यस्तो छलफल र वहस प्रक्रियालाई स्पष्ट, संक्षिप्त र अर्थपूर्ण बनाउन सहयोग पुग्ने उद्देश्यले यो व्याख्यात्मक टिप्पणी तयार गरिएको छ ।

## २. व्याख्यात्मक टिप्पणीको उद्देश्य र प्रयोजनः

देहायका उद्देश्य र प्रयोजनको लागि यो विधेयकमा रहेका प्रत्येक दफाको व्याख्यात्मक टिप्पणी तयार गरिएको छः

(क) विधेयकको सम्बन्धमा नेपाल सरकारको बुझाइ र अवधारणा सङ्घीय संसदलाई बोध गराउन,

(ख) प्रतिनिधि सभा तथा राष्ट्रिय सभा र त्यस अन्तर्गतका समितिमा हुने छलफलको लागि विधेयकको प्रत्येक दफामा अन्तरनिहित अर्थ र अभिप्राय स्पष्ट पार्न एवम् सरल बनाउन,

(ग) प्रत्यायोजित विधायन बनाउनु पर्ने विषयहरुको आवश्यकता बोध गराउन एवम् त्यस्ता बिषयमा जाँचवुझ र विश्लेषणमा सहयोग पुऱ्याउन,

(घ) अदालत, कानून व्यवसायी तथा कानून कार्यान्वयन गर्ने निकाय तथा अधिकारीहरुलाई कानूनको कार्यान्वयन र व्याख्यामा सघाउ पुऱ्याउन,

(ङ) विधेयकको आवश्यकता र महत्वको विषयमा सरोकारवाला तथा सर्वसाधारणलाई जानकारी दिन तथा सुसूचित गर्न,

(च) प्राकृतिक स्रोत साधनको उपयोग, लाभको बाँडफाँट र विकास सम्बन्धी अधिकारको कार्यान्वयनको लागि उचित र आवश्यक व्यवस्था विधेयकमा समावेश गरिएको सुनिश्चित गर्न,

(छ) नेपालको संविधानमा उल्लेख भए बमोजिम ऊर्जा क्षेत्रसँग सम्वन्धित राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरुको प्रगतिशील एवम् प्रभावकारी कार्यान्वयन गर्ने राज्यको दायित्व निर्वाहको लागि कानुनी व्यवस्था गरिएको विषय सुनिश्चित गर्न।

३. **व्याख्यात्मक टिप्पणीः**

विधेयकको दफा शीर्षकको आधारमा प्रत्येक दफाको व्याख्या र त्यसको कार्यान्वयनबाट प्राप्त हुने उपलव्धीलाई बुँदागतरुपमा उल्लेख गरिएको छ। यो टिप्पणी तयार गर्दा विधेयकको दफा तथा उपदफामा रहेको व्यवस्था र त्यसमा अन्तरनिहित उद्देश्य, अर्थ र अभिप्रायलाई बुझ्न सहज हुने गरी दफा शीर्षकको आधारमा व्याख्यात्मक टिप्पणी प्रस्तुत गरिएको छ :

| दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३" राखिएको छ ।<br><br>यो ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम बनाउन एवम् ऐनको कार्यान्वयन होस् भन्ने हेतु तथा ऐनमा रहेका प्रावधानहरुको सम्बन्धमा सरोकारवाला पक्षहरुलाई जानकारी लिने पर्याप्त समय प्राप्त होस भन्ने ध्येयले ऐन प्रमाणीकरण भएको एकतिसौं दिनदेखि ऐन प्रारम्भ हुने प्रस्ताव गरिएको छ। |
| २ | परिभाषा | विधेयकको परिभाषा खण्डमा बीस वटा शब्द तथा शब्दावलीको परिभाषा गरिएको छ । यस ऐनको विषय वा प्रसंगले अर्को अर्थ नलागोस् र शब्दहरुको समान अर्थ र बुझाइ कायम गर्दै कानुनी अर्थ दिन र ऐनको कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन परिभाषा गरिएको छ ।<br><br>विधेयकमा रहेका प्राविधिक अर्थ दिने र विशेष प्रकृतिका शब्द तथा शब्दावलीलाई यस ऐनको सन्दर्भ र प्रयोजनको लागि परिभाषित गरिएको छ।यी शब्दहरुको परिभाषाबाट ऐनको बुझाईलाई सरल बनाउनुका साथै थप स्पष्ट पार्ने मद्दत पुग्दछ। |
| ३ | पहिचान, प्रवर्धन, विकास र विस्तार | सङ्घीय संरचना बमोजिम नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको पहिचान, प्रवर्धन, विकास र विस्तार गरी दिगो ऊर्जामा नागरिकको पहुँच वृद्धि गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुने र सो उद्देश्य प्राप्तिका लागि सङ्घीयताको सिद्धान्त अनुसार अधिकार र जिम्मेवारीको बाँडफाँट गर्न तीनै तहका सरकारले समन्वय र सहकार्य गर्नु पर्ने।<br><br>नेपालको संविधानको धारा ५१ को खण्ड (ख) को बुँदा नं (६) मा उल्लिखित सङ्घीय इकाइहरु बीच जिम्मेवारी, स्रोत, साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने राज्यको नीति कार्यान्वयनका लागि कानूनी आधार |

| | | |
|---|---|---|
| | | तयार गर्न साथै केन्द्रले आवश्यकता अनुसार प्रदेश तथा स्थानीय तहको सहकार्य तथा साझेदारीमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न गराउन सक्ने व्यवस्था गरिएको छ । |
| ४ | प्रस्ताव पेस गर्न सक्ने | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न चाहने प्रदेश सरकार, स्थानीय तह र अन्य कुनै व्यक्ति संस्था वा निकायले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता केन्द्रमा प्रस्ताव पेश गर्न सक्ने व्यवस्था गरिएको छ । |
| ५ | अनुमतिपत्र लिनुपर्ने | नेपाल सरकारका निकायहरु बीचका अधिकार क्षेत्रमा दोहोरोपना हुने अवस्था सिर्जना नहोस भन्ने अभिप्रायले नवीकरणीय ऊर्जाको स्रोतबाट विद्युत उत्पादन, प्रशारण र वितरण गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र लिनु पर्ने व्यवस्था गरी विधेयकको दफा ५ वमोजिम अनुमति लिनु पर्ने व्यवस्थालाई सुनिश्चित गरिएको छ । |
| ६ | ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण गर्ने जिम्मेवारी तथा दायित्व | संविधानको धारा ५१ को खण्ड (छ) अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास एवम् ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणको माध्यमबाट नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गरी देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने उद्देश्यले विधेयकको दफा ६ मा नेपाल सरकारले निर्धारण गरेको ऊर्जा खपत गर्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण गर्ने जिम्मेवारी तथा दायित्वको व्यवस्था गरिएको र उल्लिखित जिम्मेवारी तथा दायित्वको कार्यान्वयन गर्न व्यवासायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा व्यवस्थापकको व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ । |
| ७ | ऊर्जा परीक्षण (इनर्जी अडिट) गराउने | व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले उत्पादन, प्रसारण, आपूर्ति वा खपत गरिरहेको ऊर्जाको सम्बन्धमा मान्यता प्राप्त ऊर्जा परीक्षकबाट ऊर्जा परीक्षण गराउन ऊर्जा दक्षता हासिल गर्नु पर्ने दायित्व भएका अनुसूचीमा सूचीकृत व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा दक्षता हासिल भए नभएको यकिन गर्न खपत भएको ऊर्जाको परीक्षण गर्नु पर्ने भएकोले ऊर्जा परीक्षण गर्न मान्यता प्राप्त ऊर्जा परीक्षकले ऊर्जा परीक्षण सम्बन्धी नीति तथा मापदण्ड, ऊर्जा उपयोग वा प्रयोग सम्बन्धी तथ्याङ्क, ऊर्जाको उत्पादन, प्रसारण, वितरण, आपुर्ति वा |

| | | |
|---|---|---|
| | | प्रयोग गरिएको उपकरण, ऊर्जा खपतको अवस्था तथा ऊर्जा बचतका लागि अवलम्वन गरिएका उपायहरुका सम्बन्धमा ध्यान दिनु पर्ने आवश्यकता भएकोले यो व्यवस्था गरिएको छ । |
| ८ | ऊर्जा परीक्षकको अनुमतिपत्र लिनुपर्ने | ऊर्जा दक्षता हासिल गर्नु पर्ने दायित्व भएका अनुसूचीमा सूचीकृत व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा दक्षता हासिल गरे नगरेको खपत भएको ऊर्जाको सम्परीक्षणबाट यकिन हुने भएकोले त्यस्तो कार्य गर्न दक्ष जनशक्तिबाट मात्र सम्भव हुने हुँदा ऊर्जा परीक्षक हुन चाहने व्यक्तिले केन्द्रले तोकेका योग्यता पूरा गरेको हुनु पर्ने, ऊर्जा परीक्षकको अनुमति प्राप्त गर्न केन्द्र समक्ष निवेदन दिनु पर्ने तथा ऊर्जा परीक्षकको अनुमतिपत्र लिनका लागि योग्यता एवम् अनुभव तथा अनुमतिपत्र रद्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने प्रस्ताव गरिएको हो । |
| ९ | ऊर्जा बचत योजना | अनुसूचीमा उल्लिखित व्यावसायिक प्रतिष्ठान वा क्षेत्रको परामर्शमा व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले प्रति इकाइ वस्तु वा सेवाको उत्पादन गर्दा उपयोग गर्ने ऊर्जाको खपत घटाउन ऊर्जा बचत योजना तर्जुमा गरी त्यस्ता व्यावसायिक प्रतिष्ठान वा क्षेत्रलाई सो योजनामा सहभागी गराउनको लागि ऊर्जा दक्ष प्रविधि तथा उपकरणको व्यवस्था गर्न आवश्यक पर्ने धनराशीलाई विचार गरी प्रतिष्ठानबीच आपसी सहमति गरी ऊर्जा बचत योजनामा सहभागी हुन सक्ने वातावरण तयार गर्नु पर्ने भएकोले सम्झौताको माध्यमबाट ऊर्जा बचत योजनामा सहभागी हुन सक्ने सम्बन्धी व्यवस्था गरिएको हो ।<br><br>यो ऐनको उद्देश्य ऊर्जा दक्षता तथा संरक्षण मार्फत ऊर्जाको वचत गर्ने भएकोले लक्ष्य अनुसार ऊर्जा बचत गर्न सफल उपभोक्तालाई वचत गरेको ऊर्जा बराबर निर्धारित शुत्रको आधारमा ऊर्जा वचत प्रमाणपत्र जारी गर्ने र लक्ष्य बमोजिमको ऊर्जा वचत गर्न नसक्ने उपभोक्ताले लक्ष्य पूरा गर्न जति परिमाण अपुग भएको छ त्यति परिमाणको त्यसरी जारी ऊर्जा वचत प्रमाणपत्र खरिद गरी ऊर्जा वचत गर्नु पर्ने विश्वव्यापी मान्यता रही आएकोले ऊर्जा वचत प्रमाणपत्र खरिद गर्नुपर्ने तथा निर्धारित अवधिमा ऊर्जा परीक्षण गर्नु पर्ने भएकोले एक पटक जारी भएको ऊर्जा वचत प्रमाणपत्र निधारित समयसम्म मान्य हुने व्यवस्था गरिएको छ । |
| १० | केन्द्रको स्थापना | नवीकरणीय ऊर्जाको पहिचान, प्रवर्द्धन, विकास र विस्तार गर्ने र ऊर्जा दक्षता हासिल गर्न तथा संरक्षण गर्नको लागि नेपाल सरकार, |

| | | |
|---|---|---|
| | | प्रदेश सरकार र स्थानीय तह तथा अन्य व्यक्ति, संस्था वा निकायलाई आवश्यक पर्ने आर्थिक र प्राविधिक सहयोग तथा समन्वयको लागि नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता केन्द्रको स्थापना गरिएको छ।<br>केन्द्रलाई अङ्ग्रेजी भाषामा "रिन्यूएबल इनर्जी एण्ड इनर्जी ईफिसिएन्सी सेन्टर" भनिने र केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने व्यवस्था रहेको छ । |
| ११ | केन्द्र स्वशासित संगठित संस्था हुने | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी काम स्वतन्त्र रुपमा गर्न सक्ने गरी केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुने व्यवस्था गरिएको छ। |
| १२ | केन्द्रको काम, कर्तव्य र अधिकार | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता र संरक्षण दिगो ऊर्जा सम्बन्धमा व्यवस्था गर्न केन्द्रलाई देहाय बमोजिमका काम, कर्तव्य र अधिकार प्रदान गरिएको छः-<br>• नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी आवश्यक नीति तर्जुमा गरी समिति समक्ष पेश गर्ने,<br>• नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने,<br>• नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको विकास तथा विस्तार गर्न प्रदेश र स्थानीय तहलाई प्राविधिक तथा अन्य सहयोग उपलव्ध गराउने,<br>• ऊर्जा सम्मिश्रणको राष्ट्रिय लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउन स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,<br>• नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको क्षेत्रमा निजी क्षेत्रको सहभागिता र लगानी वृद्धिका लागि प्रोत्साहन गर्ने,<br>• ऊर्जा दक्ष प्रविधि, यन्त्र वा उपकरणको परीक्षण तथा प्रमाणीकरण (टेष्टिङ्ग एण्ड सर्टिफिकेशन) गर्ने, गराउने,<br>• ऊर्जा परीक्षण गर्न आवश्यक जनशक्ति विकासका लागि तालिमको पाठ्यक्रम तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेस गर्ने,<br>• ऊर्जा परीक्षकको तालिम सञ्चालन गर्ने वा गराउने,<br>• ऊर्जा परीक्षकको अनुमतिपत्र प्रदान गर्ने, |

| | | |
|---|---|---|
| | | • नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासँग सम्बन्धित प्रतिबद्धता कार्यान्वयन गर्न नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने,<br>• दिगो ऊर्जाको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था वा निकायसँग आवश्यक समन्वय गर्ने,<br>• दिगो ऊर्जासँग सम्बन्धित प्रविधिको विकासका लागि स्रोत पहिचान तथा नक्साङ्कन गर्ने र राष्ट्रियस्तरको सूचना तथा तथ्याङ्क सङ्कलन, विश्लेषण र अभिलेख राख्ने,<br>• अन्तर्राष्ट्रिय संघ-संस्थाबाट नेपाल सरकारलाई प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोगका कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,<br>• कार्बन उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी आयोजनाको विकास तथा कार्यान्वयन गरी कार्बन व्यापार वृद्धि गर्ने,<br>• दिगो ऊर्जाको उपयोग र उपलब्धीका विषयमा अनुगमन तथा मूल्याङ्कन गर्ने,<br>• नवीकरणीय ऊर्जा,ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणसँग सम्बन्धित विषयमा तालिम सञ्चालन गर्ने वा गराउने,<br>• नेपाल सरकारले तोकेको अवस्थामा कार्बन उत्सर्जन न्यूनीकरण बापत प्राप्त हुने लाभको व्यवस्थापन गर्न वित्तिय मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने,<br>• दिगो ऊर्जा सम्बन्धी अध्ययन अनुसन्धान र नवीन प्रविधिको विकास, प्रयोग, प्रवर्द्धन तथा संरक्षण गर्ने वा गराउने,<br>• नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा जनचेतना अभिबृद्धि गराउने, ऊर्जा सघन उद्योगहरुमा ऊर्जा परीक्षण गर्न लगाई ऊर्जा परीक्षण प्रतिवेदन कार्यान्वयन गर्न लगाउने र समितिको मार्ग निर्देशनमा रही नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी तालिम र अनुसन्धान गर्ने गराउने, अनुगमन र मूल्यांकन गर्ने, लगायत अन्य कार्यहरु गर्ने गराउने आदि जस्ता विषयमा व्यवस्था गरिएको छ । |
| १३ | तालिम सञ्चालन गर्ने | ऊर्जा परीक्षकको अनुमतिपत्र लिन चाहने व्यक्तिको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्न आवश्यक भएकोले तालिम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| १४ | सञ्चालक समिति | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी नीति निर्माण गर्न तथा केन्द्रको काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न विषय विज्ञ एवम् स्थानीय तहको समेत प्रतिनिधित्व हुने गरी तेह्र सदस्यीय सञ्चालक समिति रहने व्यवस्था गरिएको छ । |
| १५ | समितिको काम, कर्तव्य र अधिकार | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता तथा संरक्षण सम्वन्धी नीति तथा रणनीति तर्जुमा गर्ने, केन्द्रको योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, केन्द्रको वार्षिक प्रतिवेदन स्वीकृत गरी मन्त्रालयसमक्ष पेश गर्ने, केन्द्रले गर्ने काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्ने, केन्द्रले सञ्चालन गर्ने तालिमको पाठ्यक्रम स्वीकृत गर्ने कार्यका लागि काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । |
| १६ | समितिको बैठक | समितिको बैठक बोलाउने अधिकार तथा समितिको निर्णय प्रमाणित गर्ने सम्वन्धी व्यवस्थालाई स्पष्टरुपमा उल्लेख गरी बैठकको गणपूरक संख्या, बैठकको अध्यक्षता गर्ने विषयलाई स्पष्ट गर्न तथा बैठकको मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउने अधिकार अध्यक्षमा रहने गरी समितिको बैठक सम्बन्धी व्यवस्था गरिएको छ। सो व्यवस्थामा समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा सचिवले बैठकको अध्यक्षता गर्ने व्यवस्था गरिएको छ। साथै समितिले आफ्नो अधिकार प्रयोग गर्ने सन्दर्भमा बहुमतको आधारमा निर्णय गर्ने र सदस्य सचिवले निर्णय प्रमाणित गर्ने व्यवस्था गरिएको छ। |
| १७ | प्रमुख कार्यकारी अधिकृत | केन्द्रको समग्र प्रशासनिक तथा व्यवस्थापन सम्बन्धी कार्य सम्पादन गर्न, सञ्चालक समितिको मार्गनिर्देशनमा रही भूमिका निर्वाह गर्न प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गरिएको छ। योग्य र सक्षम प्रमुख कार्यकारी अधिकृतको छनौटका लागि मन्त्रालयको सचिवको संयोजकत्वमा गठित सिफारिस समितिको सिफारिसमा प्रतिस्पर्धात्मक माध्यमबाट छनौट गरी मन्त्रिपरिषद्बाट नियुक्ति गर्ने व्यवस्था गरिएको छ। |
| १८ | प्रमुख कार्यकारी अधिकृतको योग्यता | केन्द्रलाई नेतृत्व दिन सक्ने दक्ष, योग्य र नैतिकवान प्रमुख कार्यकारी अधिकृत आवश्यक हुने भएकोले सो का लागि चाहिने शैक्षिक योग्यता, कार्य अनुभव र उमेर ६० बर्ष ननाघेको नेपाली नागरिक हुनु पर्ने गरी प्रमुख कार्यकारी अधिकृतको योग्यता सम्बन्धी व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| १९ | अयोग्यता | प्रमुख कार्यकारी अधिकृतको पदमा, योग्य, अनुभव भएको एवम् उच्च नैतिक आचरण भएको व्यक्ति चयन गर्ने कार्यलाई सहजीकरण गर्न प्रमुख कार्यकारी अधिकृतको अयोग्यता सम्बन्धी विषयहरु ऐनमा तोक्ने सम्बन्धी व्यवस्था गरिएको छ। |
| २० | पदबाट हटाउन सकिने | प्रमुख कार्यकारी अधिकृतले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, अयोग्य ठहरिएमा, बदनियतपूर्ण काम गरेको प्रमाणित भएमा वा शारीरिक वा मानसिक रूपले काम गर्न असमर्थ देखिएमा सचिवको संयोजकत्वमा गठित समितिको प्रतिवेदनको आधारमा नेपाल सरकारले पदबाट हटाउन सक्ने व्यवस्था गरिएको छ। |
| २१ | कामकाज गर्न तोक्न सक्ने | प्रमुख कार्यकारी अधिकृतको पद कुनै कारणले रिक्त हुन आएको अवस्थामा लामो समयसम्म प्रशासकीय प्रमुख नहुँदा संस्थाको उद्देश्य हासिल गर्न कठिनाई हुने अवस्था समेतलाई विचार गरी रिक्त वा निलम्बनमा परेको अवधिभर मन्त्रालयले केन्द्रमा कार्यरत स्थायी कर्मचारीमध्ये वरिष्ठतम् कर्मचारीलाई बढीमा छ महिनासम्मको लागि सो पदको कामकाज गर्ने गरी तोक्न सक्ने व्यवस्था गरिएको छ । |
| २२ | प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार | केन्द्रको काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्न केन्द्रको बजेट, योजना, कार्यक्रम तथा आयव्ययको विवरण तयार गरी समिति समक्ष पेश गर्न, समितिबाट स्वीकृत योजना र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वा गराउन, केन्द्रका साझेदार तथा अन्य संघ संस्थासँग आवश्यक समन्वय गर्न, केन्द्रको दैनिक आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन र व्यवस्थापन गर्न तथा मातहतका कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सुपरीवेक्षण गर्न प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । |
| २३ | कर्मचारी | केन्द्रको कार्य र जिम्मेवारीलाई प्रभावकारीरुपले सञ्चालन गर्नको लागि आवश्यक संख्यामा कर्मचारीहरुको आवश्यकता पर्ने हुँदा कर्मचारी सम्वन्धी व्यवस्थालाई सुनिश्चित गर्न आवश्यक भएकोले केन्द्रको लागि आवश्यक कर्मचारी रहने व्यवस्था गरिएको छ । |
| २४ | लक्षित तथा विशेष कार्यक्रम | ऊर्जाको पहुँच नपुगेको वा पर्याप्त नभएको वा पछाडि परेको क्षेत्र वा समुदाय वा परम्परागत ऊर्जाको अधिक प्रयोग हुने क्षेत्र वा ऊर्जा सघनता बढी भएको क्षेत्रको पहिचान गरी प्रदेश सरकार, स्थानीय तह र अन्य सरोकारवाला निकायसँगको सहकार्य र समन्वयमा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम सबै ऊर्जाको समान |

| | | |
|---|---|---|
| | | पहुँच सुनिश्चित गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी लक्षित तथा विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । |
| २५ | सहुलियतपूर्ण कर्जा प्रवाह गर्न सक्ने | केन्द्रले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणको क्षेत्रमा आर्थिक तथा सामाजिक दृष्टिले आवश्यक देखिएका तर व्यावसायिक रुपमा बजारबाट कर्जा लिएर निर्माण तथा सञ्चालन गर्न नसक्ने प्रकृतिका आयोजना सञ्चालन गर्न कुनै निकाय वा संस्थालाई प्रचलित कानून बमोजिम स्थापित बैंक तथा वित्तीय संस्था मार्फत कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरी ऋण प्रवाहको लागि प्राथमिकताका क्षेत्र समेत तोकेको र त्यस्तो प्रवाह गरिने कर्जाको ब्याजदर समितिले निर्धारण गरे बमोजिम हुने व्यवस्था सहित सहुलियतपूर्ण कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएकोछ । |
| २६ | गुणस्तर निर्धारण गर्ने | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणसँग सम्बन्धित प्रविधि, यन्त्र वा उपकरणलाई भरपर्दो र विश्वसनीय बनाउन प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर निर्धारण गर्न सक्ने व्यवस्था गरिएको छ । |
| २७ | परीक्षण गराउनुपर्ने | नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी प्रविधि तथा यन्त्र वा उपकरणको गुणस्तर निर्धारण गर्न आवश्यक भएकोले परीक्षण गराउने व्यवस्था गरिएको छ। |
| २८ | सिफारिस गर्न सक्ने | ऊर्जा दक्षता हासिल गर्नको लागि नेपाल सरकारले तोकेको मापदण्ड भन्दा बढी ऊर्जा खपत गर्ने देखिएमा त्यस्तो प्रविधि, यन्त्र वा उपकरण उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण निषेध गर्न वा प्रतिबन्ध लगाउन सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ। |
| २९ | प्रयोगशालाको स्थापना र सञ्चालन | नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासँग सम्बन्धित प्रविधि, यन्त्र वा उपकरण निर्धारित गुणस्तर अनुरूप भए नभएको परीक्षण गर्न प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्ने व्यवस्था गरिएको छ । |
| ३० | केन्द्रको कोष | ग्रामीण तथा नवीकरणीय ऊर्जा प्रविधिको क्षेत्रमा अनुदान, भायबिलिटी ग्याप फण्डिङ्ग तथा उपभोक्ता कर्जाको प्रभावकारी परिचालन गर्न र नवीकरणीय ऊर्जा प्रविधिबाट प्राप्त हुने कार्बन आम्दानी उपयोग तथा व्यवस्थापन गर्न आवश्यक भएकोले कोषको व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ३१ | लेखा र परीक्षण | कोषको आय व्ययको वार्षिक लेखा परीक्षण नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही महालेखा परीक्षकबाट गरिने व्यवस्था गरिएको छ। यस्तो प्रावधानले कोषको रकम ऐनले लिएको उद्देश्य भन्दा बाहिर गएर प्रयोग हुन पाउने छैन। साथै कोषको रकमको सदुपयोग भए नभएको सम्वन्धमा नेपाल सरकारले जुनसुकै बखत कोषको वार्षिक हिसाब किताब जाँच्न सक्ने व्यवस्था समेत राखिएको छ। यो व्यवस्थाले कोष व्यवस्थापकलाई थप पारदर्शी र जिम्मेवार बनाउनेछ। |
| ३२ | जरिवाना गर्ने | यस ऐनको प्रभावकारी रुपमा पालना गराई उलङ्घन नहुने अवस्था सिर्जना गर्न जरिवाना गर्ने व्यवस्था गरिएको छ। साथै, प्रमुख कार्यकारी अधिकृतले गरेको जरिबानामा चित्त नबुझ्ने व्यक्ति, संस्था वा निकायले सो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ३३ | राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्न सकिने | केन्द्रको सहयोग तथा साझेदारीमा सञ्चालित क्याप्टिभ ऊर्जा आयोजना वा अफग्रिड प्रणालीबाट उत्पादन गरी वितरण भएको विद्युत बचत हुने भएमा वा सो क्षेत्रमा राष्ट्रिय प्रसारण प्रणालीमार्फत विद्युत वितरण हुने भएमा त्यस्तो विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गरी प्रचलित कानून बमोजिम अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्न प्रोत्साहन गर्नुपर्ने भएकोले सो सम्बन्धी व्यवस्था गरिएको छ। |
| ३४ | अनुगमन तथा निरीक्षण गर्नु, गराउनु पर्ने | केन्द्रको सहयोग तथा केन्द्रसँगको साझेदारीमा सञ्चालित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी आयोजना तथा कार्यक्रमको केन्द्रले अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सो सम्बन्धी व्यवस्था गरिएको छ । |
| ३५ | वित्तीय मध्यस्थकर्ता तोक्न सक्ने | नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण बापत प्राप्त हुने लाभको व्यवस्थापन गर्न केन्द्रलाई वित्तीय मध्यस्थकर्ता तोक्न सक्ने व्यवस्था गरिएको छ। |
| ३६ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | केन्द्रले सञ्चालन गर्ने नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी आयोजना वा कार्यक्रममा लैङ्गिक समानता, सीमान्तकृत वर्गको उत्थान तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिनु पर्ने भएकोले सो सम्बन्धी व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ३७ | जफत गर्न लेखी पठाउन सक्ने | यस ऐन विपरीत हुनेगरी कसैले उत्पादन, आपूर्ति, बिक्री-वितरण वा जडान गरेका यन्त्र वा उपकरण जफत गर्नको लागि केन्द्रले प्रचलित कानूनबमोजिम अनुमतिपत्र प्रदान गर्ने निकायलाई लेखी पठाउन सक्ने व्यवस्था गरिएको छ । |
| ३८ | प्रतिवेदन पेश गर्नुपर्ने | केन्द्रबाट सहयोग प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले विवरण खुलाई केन्द्रसमक्ष वार्षिक रूपमा प्रतिवेदन पेस गर्नुपर्ने । साथै केन्द्रले वार्षिक रूपमा सम्पादन गरेका काम, कारबाही तथा आय व्ययको विवरण, नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणको क्षेत्रमा हासिल गरेका उपलब्धि, सो क्षेत्रमा रहेका समस्या र समाधानका उपाय सहितको विवरण समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रमुख कार्यकारी अधिकृतले समितिसमक्ष पेस गर्ने व्यवस्था गरिएको । |
| ३९ | अधिकार प्रत्यायोजन | समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार शर्त तोकी अध्यक्ष, सदस्य, प्रमुख कार्यकारी अधिकृत वा केन्द्रको कुनै अधिकृत कर्मचारीलाई र प्रमुख कार्यकारी अधिकृतले आफूलाई प्राप्त अधिकार केन्द्रको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ४० | उपसमिति वा कार्यदल गठन गर्नसक्ने | समितिले आफ्नो कार्य प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ४१ | शपथ लिनुपर्ने | सञ्चालक समितिको मनोनीत सदस्य तथा प्रमुख कार्यकारी अधिकृतले आफ्नो पदीय जिम्मेवारी सम्हाल्नुअघि समितिको अध्यक्षसमक्ष प्रचलित कानून बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्ने व्यवस्था गरिएको छ। |
| ४२ | प्रचलित कानून बमोजिम हुने | यस ऐनमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ४३ | नेपाल सरकारसँग सम्पर्क | केन्द्रले नेपाल सरकारसँग सम्पर्क राख्दा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था गरिएको छ। |
| ४४ | अनुसूचीमा संशोधन | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक संशोधन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ४५ | नियम बनाउने अधिकार | नेपाल सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियमहरू बनाउन सक्ने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ४६ | विनियम बनाउने अधिकार | समितिले यस यो  ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आवश्यक विषयमा विनियम बनाउन सक्ने व्यवस्था गरिएको छ । |
| ४७ | निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने | यस ऐनको अधीनमा रही समितिले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था गरिएको छ। |
| ४८ | खारेजी र बचाउ | वैकल्पिक ऊर्जा विकास समिति गठन आदेश, २०५३ खारेज गरी वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ बमोजिम स्थापना भएको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र यो ऐन प्रारम्भ भएपछि स्वतः केन्द्रमा परिणत र सोको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व, कर्मचारी यस ऐन बमोजिम स्थापना हुने केन्द्रको हुने गरी व्यवस्था गरिएको छ । |

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

**१. पृष्ठभूमि :**

नेपालको संविधान बमोजिम सङ्घीय ऐन निर्माण गर्ने अधिकार सङ्घीय संसदमा रहेको र ऐन अन्तर्गतका प्रत्यायोजित विधायन निर्माण गर्ने अधिकार नेपाल सरकार वा सम्बद्ध निकायलाई प्रत्यायोजन गर्ने अभ्यास र प्रचलन रहेको छ ।

यसै सन्दर्भमा प्रस्तुत विधेयकको दफा ४५ बमोजिम आवश्यक नियमहरु बनाउने अधिकार नेपाल सरकार तथा दफा ४६ र ४७ बमोजिम विनियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार दफा १४ वमोजिम गठन भएको समितिलाई प्रत्यायोजन गर्न प्रस्ताव गरिएको छ ।

**२. प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणीको आवश्यकता र प्रयोजन :**

विधेयकको विभिन्न दफा तथा उपदफामा उल्लिखित व्यवस्थाहरुको कार्यान्वयनको लागि नियम, विनियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका जस्ता प्रत्यायोजित विधायन निर्माण गर्न आवश्यक हुन्छ। प्रत्यायोजित विधायनको सीमा, दायरा र समेटिने विषयहरुको सम्वन्धमा अधिकार प्रत्यायोजन गर्ने निकाय सङ्घीय संसदलाई अग्रिम रुपमा अवगत गराउनु नेपाल सरकारको कर्तव्य भएकोले देहायको प्रयोजनको लागि यो प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी तयार गरिएको छ :

(क) प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कानून बनाउँदा प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १७९, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५३ ले निर्धारण गरेका सीमा र दायराभित्र रही नियमहरु बनाइएको भनी सुनिश्चित गर्न,

(ख) प्रत्यायोजित व्यवस्थापन सम्बन्धी सर्वमान्य सिद्धान्त तथा मान्यताहरुलाई अनुसरण र अवलम्बन गरिने भनी सुनिश्चित गर्न,

(ग) प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमाको विषयमा सङ्घीय संसदलाई अवगत गराउन,

(घ) प्रत्यायोजित व्यवस्थापनको प्रभाव एवं उपलब्धि का सम्बन्धमा सङ्घीय संसदलाई अग्रिम सूचित गर्न,

(ङ) ऐन कार्यान्वयनको लागि आवश्यक प्रक्रिया, कार्यविधि र प्राविधिक विषयहरु समय समयमा संशोधन र परिमार्जन गर्नुपर्ने भएकोले त्यस्ता विषयहरु प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बन्ने नियम, निर्देशिका तथा मापदण्डमा समावेश गरिने सम्बन्धमा सङ्घीय संसदलाई सूचित गर्न ।

**३. प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी :**

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ७९ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०३ मा भएका व्यवस्थाहरुलाई मार्गदर्शकको रुपमा लिई प्रत्यायोजित व्यवस्थापन सम्बन्धी

व्यवस्था त्यसको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव एवं उपलब्धी) सम्बन्धी टिप्पणी तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.स. | विधेयकको दफा/ उपदफा | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्नसक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| १ | दफा ८ (२) | (२) उपदफा (१) बमोजिमको ऊर्जा परीक्षक अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिले केन्द्रले **तोकेको विवरण र दस्तुर** सहित केन्द्रसमक्ष निवेदन दिनु पर्नेछ:-<br>(क) मान्यताप्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ् वा ऊर्जासँग सम्बन्धित विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरेको,<br>(ख) ऊर्जा क्षेत्रमा कम्तीमा दुई वर्षको अनुभव प्राप्त गरेको, र<br>(ग) केन्द्रले सञ्चालन गरेको तालिम प्राप्त गरेको। | • वैयक्तिक विवरण,<br>• भ्रष्टाचार, जबरजस्ती करणी, मानव वेचविखन तथा - ओसारपसार, लागूऔषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, शरीरबन्धक, सङ्गठित अपराध सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको स्वघोषणा र दस्तुर जस्ता विषयका विवरण केन्द्रले तोक्दा समसामयिक रुपमा परिमार्जन गर्न सहज हुने हुँदा विवरण र दस्तुर केन्द्रले तोक्ने प्रस्ताव गरिएको छ । | ऊर्जा परीक्षकको अनुमतिपत्र प्राप्ति र नवीकरणको व्यवस्था सहज र व्यवस्थित हुने । |
| २ | दफा ८ (४) | (४) ऊर्जा परीक्षक अनुमतिपत्रको अवधि समाप्त हुनु अगावै ऊर्जा परीक्षकले केन्द्रले तोकेको दस्तुर तिरी केन्द्रबाट त्यस्तो अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ। | ऊर्जा परीक्षकको सन्दर्भमा अद्यावधिक विवरण निजले सम्पादन गरेको कार्य लगायतका विषय निरन्तर परीक्षण गर्ने प्रयोजनका लागि समयसमयमा नवीकरण गर्न आवश्यक भएकोले केन्द्रले दस्तुर | ऊर्जा परीक्षकको अनुमतिपत्र प्राप्ति र नवीकरणको व्यवस्था सहज र व्यवस्थित हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | | तोक्ने प्रावधान प्रस्ताव गरिएको छ। | |
| ३ | दफा ८ (५) | उपदफा (४) बमोजिमको अवधिभित्र ऊर्जा परीक्षक अनुमतिपत्रको नवीकरण नगराएमा तोकिए बमोजिमको थप दस्तुर तिरी अनुमतिपत्रको अवधि समाप्त भएको मितिले छ महिनाभित्र नवीकरण गराउन सकिनेछ। | ऊर्जा परीक्षक अनुमतिपत्रको नवीकरण सम्बन्धी थप दस्तुरको व्यवस्था ऐनमा राख्दा समसामयिक बनाउन कठिनाई हुनुका साथै प्रस्तुत विषयलाई समय समयमा परिवर्तन गरिरहनुपर्ने भएकोले नियमावलीमा राख्न आवश्यक भएको हो। | ऊर्जा परीक्षकको अनुमतिपत्र प्राप्ति र नवीकरणको व्यवस्था सहज र व्यवस्थित हुने । |
| ४ | ८ (६) | उपदफा (३) बमोजिम प्रदान गरिएको ऊर्जा परीक्षक अनुमतिपत्र केन्द्रले देहायको अवस्थामा रद्द गर्नेछ:-<br>(क) झुट्टा विवरण पेस गरी अनुमतिपत्र लिएको प्रमाणित भएमा,<br>(ख) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा,<br>**(ग) अनुमतिपत्र प्रदान गर्दाका बखत तोकेको सर्त उल्लङ्घन गरेमा, वा**<br>(घ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत काम गरेमा। | अनुमतिपत्र प्रदान गर्दा नै शर्तहरु तोकिने भएकोले अनुमतिपत्र प्रदान गर्ने निकायले तोकेका ऊर्जा परीक्षण अनुमतिपत्र गलत, भ्रामक वा झुट्टा विवरण दिई लिएमा, उर्जा परीक्षण गर्न असक्षम भएमा, उर्जा परीक्षकले बुझाउनु पर्ने वार्षिक शुल्क नबुझाएमा लगायतका शर्त उलङ्घन गरेमा ऊर्जा परीक्षण अनुमति पत्र केन्द्रले रद्द गर्न सक्ने व्यवस्था गरिएको छ। | ऊर्जा परीक्षकको अनुमतिपत्र प्राप्ति र नवीकरण, रद्द सम्बन्धी व्यवस्था सहज र व्यवस्थित हुने । |

| | | | | |
|---|---|---|---|---|
| ५ | दफा २७ (२) | उपदफा (१) बमोजिम प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर परीक्षण गर्दा केन्द्रले सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ। | समसामयिक रुपमा प्रविधि, यन्त्र वा उपकरण परीक्षण गर्दा लाग्ने शुल्क केन्द्रले तोक्दा सहज हुने भएकोले केन्द्रले शुल्क तोक्ने व्यवस्था प्रस्ताव गरिएको छ। | |
| ६ | दफा २९ (१) र (२) | (१) नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासँग सम्बन्धित प्रविधि, यन्त्र वा उपकरण दफा २६ बमोजिम निर्धारित गुणस्तर अनुरूप भए नभएको परीक्षण गर्न केन्द्रले एक प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम प्रयोगशाला स्थापना नभएसम्म नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी **तोकेको** प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउन सकिनेछ। | प्रयोगशाला स्थापना नभएसम्मको लागि भइरहेका प्रयोगशालाबाट गुणस्तर परीक्षण गर्न आवश्यक हुने भएकोले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउन सकिने व्यवस्था प्रस्ताव गरिएको छ। | प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर परीक्षणको लागि प्रयोगशाला सम्बन्धी व्यवस्थालाई व्यवस्थित र प्रभावकारी हुने |
| ७ | दफा ४० (१) र (२) | (१) समितिले आफ्नो कार्य प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यकताअनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको उपसमिति तथा कार्यदलको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र, कार्यावधि तथा सुविधा समितिले त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोकेबमोजिम हुनेछ। | आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्ने र कार्यदलको प्रकृति अनुसार काम, कर्तव्य र अधिकार तोक्नुपर्ने भएकोले उक्त प्रावधानको प्रस्ताव गरिएको छ। | कार्यदल गठन प्रक्रिया व्यवस्थित हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ८ | दफा ४५(२) | उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछः | | |
| ८.१ | दफा ४५(२) | (क) केन्द्रले प्राविधिक तथा अन्य सहयोग उपलव्ध गराउने सम्बन्धी विषय | केन्द्रको आर्थिक तथा प्राविधिक सहयोग लिई नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी काम गर्न तथा कारोबार गर्न चाहने व्यक्ति वा संस्थाले केन्द्रको सिफारिस प्राप्त गर्न तथा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धी प्रविधि तथा उपकरण आयात वा उत्पादन गरी बिक्री वितरण गर्न केन्द्रको पूर्व स्वीकृति लिने कार्यविधि नियममा समावेश गरिनेछ । | यस किसिमको प्रावधानले विधेयक तर्जुमा गर्दा उल्लेख वा पुर्वानुमान गर्न नसकिएको वा नसकिने कार्यविधिगत रूपमा व्यवस्था गर्नु पर्ने बिषयलाई नियमावलीमा व्यवस्था गर्न सकिने अवसर प्राप्त हुने हुँदा यस व्यवस्थाले ऐनले परिकल्पना गरेको उद्देश्यलाई पूर्णता दिन सहज हुने देखिन्छ। |
| ८.२ | दफा ४५(२) | (ख) प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर निर्धारण तथा परीक्षण शुल्क सम्बन्धी विषय, | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर निर्धारण गर्ने तथा अनुसूचीमा उल्लिखित | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर निर्धारण, ऊर्जा परीक्षण गर्नु |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा परीक्षण गराउनु पर्ने समय, ऊर्जा परीक्षकले ऊर्जा परीक्षण गर्दा समावेश गर्नु पर्ने कुराहरुका अतिरिक्त त्यस्ता उद्योगले तिर्नु पर्ने शुल्क तोक्ने बारेमा नियममा व्यवस्था गरिनेछ। | पर्ने समय यकिन गर्ने र नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा संरक्षण सम्बन्धी प्रविधि तथा यन्त्र वा उपकरणको गुणस्तर परीक्षण वापत लाग्ने दस्तुर वा शुल्क तोकी नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ । |
| ८.३ | ४५(२) | (ग) दफा १३ बमोजिम तालिम सञ्चालन सम्बन्धी विषय | केन्द्रले व्यक्ति, संस्था वा निकायलाई ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी तालिम सञ्चालन सम्बन्धी विधि, प्रक्रिया, मापदण्ड जस्ता प्रक्रियागत विषयहरु नियमावलीमै राख्न उपयुक्त भएको हुनाले नियमावली बनाउने प्रस्ताव गरिएको छ । | तालिम सञ्चालन सम्बन्धी विषयहरु प्रक्रियागत विषय भएको र नियमावलीमा व्यवस्था गर्दा कार्यान्वयनमा एकरुपता र प्रभावकारिता हुने भएकोले । |
| ८.४ | दफा ४५(२) | (घ) प्रयोगशालाको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विषय, | नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा संरक्षणसँग सम्बन्धित प्रविधि. यन्त्र वा उपकरणको दफा २७ बमोजिम तोकेको गुणस्तर अनुरुप भए नभएको परीक्षण गर्न दफा २९ बमोजिम स्थापना भएको प्रयोगशालाको स्थापना र सञ्चालन सम्बन्धी विषयमा आवश्यक मापदण्ड | ऊर्जा परीक्षण गराउनु पर्ने दायित्व भएका अनुसूचीमा उल्लिखित व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले निश्चित समयको अन्तरालमा ऊर्जा परीक्षण गर्नु पर्ने अनिवार्य व्यवस्थाको कारण ऊर्जा दक्षता हासिल |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्धारण गर्ने जस्ता कुराहरु तथा त्यस्तो प्रयोगशाला स्थापना नहुदासम्म अन्य प्रयोगशालालाई त्यस्तो कार्य गर्न तोकिनेछ । | गर्ने ऐनको उद्देश्य प्राप्तिमा सहज हुनेछ । साथै, ऊर्जा परीक्षण सम्बन्धी प्राविधिक तथा कार्यविधि परिभाषित हुने र यसबाट ऊर्जा परीक्षण गर्ने प्रक्रिया स्पष्ट हुनेछ । यसका अतिरिक्त नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी प्रविधि, यन्त्र वा उपकरणको गुणस्तर परीक्षण गर्न आवश्यक प्रयोगशाला समेत स्थापना हुनेछ । परीक्षण गराउन स्थापना भएको प्रयोगशाला परीक्षण गर्न तोकिएको मापदण्ड बमोजिम स्थापित भई सञ्चालित हुने भएमा ऐनको उद्देश्यलाई पुर्णता दिनेछ। |
| ८.५ | दफा ४५(२) | (ङ) नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा ऊर्जा संरक्षण सम्बन्धी विषय, | सरकारले तोकेको परिमाणमा ऊर्जा खपत गर्ने ब्यवसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा दक्षता हासिल गर्न सहज होस् भनी दायित्व निर्धारण गर्ने तथा त्यस्ता ब्यवसायिक प्रतिष्ठान | नेपाल सरकारले निर्धारण गरेको परिमाणमा ऊर्जा खपत गर्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा दक्षता हासिल गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | वा क्षेत्रले ऐनको दफा ६ को उपदफा (२) मा तोकिएको दायित्व र जिम्मेवारी पुरा गर्नेछन् । | एवम् ऊर्जा संरक्षण कार्य गरोस् भन्ने प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले ऐनको दफा ६को उपदफा (१) बमोजिमको जिम्मेवारी तथा दायित्व पुरा गर्न तथा व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा दक्षता हासिल गर्न तथा संरक्षण गर्न ऐनको दफा ६ को उपदफा (२) बमोजिमको जिम्मेवारी तथा दायित्व पुरा गर्ने कुराको सुनिश्चितता हुनेछ । |
| ८.६ | दफा ४५(२) | (च) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी विषय, | ऐनको दफा १७ मा व्यवस्था गरिएको प्रमुख कार्यकारी अधिकृतको सेवा, शर्त, पारिश्रमिक तथा अन्य सुविधाहरु नियमावलीमा तोकिनेछ। | प्रमुख कार्यकारी अधिकृतको सेवा, शर्त, पारिश्रमिक तथा अन्य सुविधा निर्धारण नियमावलीमा गरिएबाट प्रमुख कार्यकारी अधिकृतको सेवा, शर्त, पारिश्रमिकको बारेमा बढी स्पष्ट हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| ८.७ | दफा ४५ (२) | (छ) ऊर्जा परीक्षण (इनर्जी अडिट), ऊर्जा परीक्षकको काम, कर्तव्य र अधिकार तथा अनुमतिपत्र प्रदान गर्ने कार्यविधि सम्बन्धी विषय | व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले उत्पादन, प्रसारण, आपूर्ति वा खपत गरिरहेको ऊर्जाको आवधिक र प्रभावकारी रुपमा ऊर्जा परिक्षण गर्न एवं त्यसरी ऊर्जा परिक्षण गर्दा अपाउनु पर्ने परीक्षण नीति, मापदण्ड, ऊर्जाको उत्पादन, वितरण, आपुर्ति वा खपतका लागि प्रयोग गरिएका प्रविधि, यन्त्र वा उपकरण एवम् ऊर्जा खपतको अवस्था र ऊर्जा बचतका लागि अवलम्बन गरिने उपाय जस्ता बिषयमा नियममा तोकिनेछ ।<br>त्यसै गरी ऊर्जा परीक्षकको अनुमतिपत्र, परीक्षकको योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार, दस्तुर र अनुमतिपत्र प्राप्त गर्ने कार्यविधि सम्बन्धी विषयमा नियममा व्यवस्था गरिनेछ। | व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले उत्पादन, प्रसारण, आपूर्ति वा खपत गरिरहेको ऊर्जाको आवधिक रुपमा प्रभावकारी रुपमा परीक्षण गर्न एवं ऊर्जा परीक्षण गर्दा कस्ता विषयमा ध्यान दिनु पर्ने बिषयहरू स्पष्ट हुनेछ ।<br>त्यसै गरी ऊर्जा परीक्षकको योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार र शैक्षिक योग्यताको निर्धारण एवम् , अनुमतिपत्र जारी गर्ने र नवीकरण गर्ने जस्ता बिषयहरू स्पष्ट हुनेछ । |
| ८.८ | दफा ४५(२) | (ज) केन्द्रबाट सञ्चालन हुने तालिम तथा सो को पाठ्यक्रम स्वीकृति सम्बन्धी विषय | केन्द्रले संचालन गर्ने तालिमको अवधि, तालिममा कस्ता बिषय सम्मलित गर्ने तथा ऊर्जा परीक्षकका लागि केन्द्रले निर्धारण गरेको तालिम लिनु पर्ने तथा निर्धारित परीक्षामा उत्तिर्ण हुनु पर्ने सम्बन्धमा | केन्द्रले संचालन गर्ने तालिमको अवधि, तालिममा कस्ता बिषय सम्मिलित गर्ने तथा ऊर्जा परीक्षकका लागि केन्द्रले निर्धारण गरेको तालिम लिनु पर्ने तथा निर्धारित |

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावलीमा समावेश गरिनेछ । | परीक्षामा उतिर्ण हुनु पर्ने जस्ता विषयहरू स्पष्ट हुनेछ । |
| ८.९ | दफा ४५(२) | (झ) ऊर्जा बचत योजना तथा ऊर्जा बचत प्रमाणपत्र सम्बन्धी विषय | व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले प्रति इकाइ वस्तु वा सेवाको उत्पादन गर्दा उपयोग गर्ने ऊर्जाको खपत घटाउन ऊर्जा बचत योजना तर्जुमा गरी त्यस्ता व्यावसायिक प्रतिष्ठान वा क्षेत्रलाई सो योजनामा सहभागिता गराउने सम्बन्धि कुराहरू, ऊर्जा बचत योजना  मा समावेश गरिने बिषयहरू र निर्धारित लक्ष्यभन्दा बढी ऊर्जा बचत भएको हकमा बचत भएको ऊर्जा बराबरको ऊर्जा बचत प्रमाणपत्र जारी गर्ने आधार तयार भई ऊर्जा बचत प्रमाणपत्र जारी गर्ने जस्ता कार्यहरू सहज हुन पुग्दछ । ऊर्जा वचत प्रमाणपत्रको ढाँचा, प्रमाणपत्रको मूल्य (ऊर्जा बचतको आधारमा तय हुने), एक पटक जारी भएको ऊर्जा बचत प्रमाणपत्रको मान्य अवधि, ऊर्जा वचत प्रमाणपत्र खरिद गर्नु पर्ने दायित्व नियमावलीमा समावेश गरिनेछ। | व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले प्रति इकाइ वस्तु वा सेवाको उत्पादन गर्दा उपयोग गर्ने ऊर्जाको खपत घटाउन ऊर्जा बचत योजना तर्जुमा गरी त्यस्ता व्यावसायिक प्रतिष्ठान वा क्षेत्रलाई सो योजनामा सहभागी बनाउन मद्दत पुगी निर्धारित लक्ष्यभन्दा बढी ऊर्जा बचत भएको हकमा बचत भएको ऊर्जा बराबरको ऊर्जा बचत प्रमाणपत्र जारी गरेमा त्यसबाट ऊर्जा बचत हुन मद्दत पुग्दछ र ऊर्जा बचतको लक्ष्य हासिल गर्ने व्यावसायिक प्रतिष्ठान वा क्षेत्रलाई योजनामा उल्लेख भए बमोजिम प्रोत्साहन पुग्दछ र |

| | | | | |
|---|---|---|---|---|
| | | | | ऊर्जा बचतको विनिमय बजार स्थापना हुन मद्दत पुग्नेछ । |
| ८.१० | दफा ४५(२) | (ज) लक्षित तथा विशेष कार्यक्रम सञ्चालन विधि | केन्द्रले ऊर्जाको पहुँच नपुगेको वा पर्याप्त नभएको क्षेत्र, परम्परागत ऊर्जाको अधिक उपयोग भइरहेको क्षेत्र वा नेपाल सरकारले निर्धारण गरेको परिमाण भन्दा बढी ऊर्जा खपत गर्ने क्षेत्र पहिचान गरी लक्षित तथा विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था नियमावलीमा गरिनेछ । | लक्षित तथा विशेष कार्यक्रम सञ्चालन विधि सम्बन्धी व्यवस्था नियमावलीमा गर्दा व्यवस्थित र प्रभावकारी हुने । |
| ८.११ | दफा ४५(२) | (ट) कोषको रकमको प्रयोग, सञ्चालन र व्यवस्थापन सम्बन्धी विषय | ऐनको दफा ३० मा व्यवस्था गरिए वमोजिम केन्द्रको दिगो ऊर्जा कोषमा जम्मा भएको रकमको व्यवस्थापन गर्ने तथा सो रकम प्रयोग हुने क्षेत्र, कोष आफैंले व्यहोर्ने रकम तथा कोषको सञ्चालनको प्रक्रिया लगायत केन्द्रको आयव्ययको लेखा सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउने गरिएबाट यस्ता विषयहरु नियमावलीमा समाविष्ट गर्न उपयुक्त हुने। | केन्द्रको नामबाट गरिने सम्पूर्ण खर्च कोषमा संचित रकमबाट व्योहेरिने भई कोषको सञ्चालन तथा व्यवस्थापनको कार्य बढी प्रभावकारी र पारदर्शी हुनेछ। |

| | | | | |
|---|---|---|---|---|
| ८.१२ | दफा ४५ (२) | (ठ) वित्तीय मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दा अपनाउनुपर्ने प्रक्रिया | प्रस्तुत विधेयकको दफा ३५ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण बापत प्राप्त हुने लाभको व्यवस्थापन गर्न केन्द्रलाई वित्तीय मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नेगरी तोक्न सक्नेछ भन्ने व्यवस्था भए बमोजिम वित्तीय मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दा अपनाउनुपर्ने प्रक्रियाका सम्बन्धमा नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने। | वित्तीय मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दा अपनाउनुपर्ने प्रक्रियालाई नियमावलीमा व्यवस्था गर्दा पारदर्शी र प्रभावकारी हुने एवम् अनुगमन र निरीक्षणमा नेपाल सरकारको पहुँच पुग्ने। |
| ८.१३ | दफा ४५ (२) | (ड) ऊर्जा व्यवस्थापकको योग्यता, काम, कर्तव्य र अधिकार सम्बन्धी विषय | प्रस्तुत विधेयकको दफा ६ को उपदफा (३) मा उपदफा (२) बमोजिमको जिम्मेवारी तथा दायित्वको कार्यान्वयन गर्न व्यवासायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा व्यवस्थापकको व्यवस्था गर्नुपर्ने भएकोले ऊर्जा व्यवस्थापकको योग्यता, काम, कर्तव्य र अधिकारको सम्बन्धमा नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | ऊर्जा व्यवस्थापकको लागि आवश्यक योग्यता, काम, कर्तव्य र अधिकारलाई नियमावलीमा व्यवस्था गरिएबाट व्यावसायिक प्रतिष्ठान वा क्षेत्रको ऊर्जा उपयोगको व्यवस्थापन एवं ऊर्जा संरक्षण सम्बन्धी उपायहरुको कार्यान्वयन गरी ऊर्जा दक्षता अभिवृद्धि गर्ने कार्य प्रभावकारी रुपमा कार्यान्वयनमा सघाउ पुग्ने । |

| | | | | |
|---|---|---|---|---|
| ९. | दफा ४६ | समितिले यस ऐनको अधीनमा रही देहायका विषयमा विनियम बनाउन सक्नेछः- | | |
| ९.१ | दफा ४६ (१) | (क) केन्द्रका कर्मचारीको काम, कर्तव्य, अधिकार, योग्यता, सेवा, शर्त तथा सुविधा सम्बन्धी विषय | केन्द्रलाई आवश्यक पर्ने कर्मचारीको काम, कर्तव्य, अधिकार, योग्यता, सेवा, शर्त तथा सुविधा र अनुशासनको कारवाही र बर्खास्ती सम्बन्धी विषय विनियममा व्यवस्था गरिनेछ । | केन्द्रमा कार्यरत कर्मचारीको काम, कर्तव्य, अधिकार, योग्यता, सेवा तथा सुविधाको शर्त र अनुशासनको कारवाही र बर्खास्त सम्बन्धी विषय समाविष्ट विनियमले केन्द्रको कर्मचारीको सेवा र सुरक्षा सुनिश्चित गरेबाट कर्मचारीको मनोवल उच्च हुन गई केन्द्रको काम कारबाही प्रभावकारी हुन गई ऐनले परिकल्पना गरेको उद्देश्य परिपूर्ति हुन मद्दत पुग्नेछ । |
| ९.२ | दफा ४६ (१) | (ख) आर्थिक प्रशासन सम्बन्धी विषय | केन्द्रको कोषलाई व्यवस्थापन गरी दैनिक आर्थिक कारोवार, आम्दानी र खर्च, हिसाव किताब संचालनका सम्बन्धमा विनियममा व्यवस्था गरिनेछ । | केन्द्रको कोषलाई व्यवस्थापन गरी दैनिक आर्थिक कारोवार, आम्दानी र खर्च, हिसाव किताब सञ्चालनका सम्बन्धमा विनियममा उचित व्यवस्था गरिने भएबाट केन्द्रको आर्थिक |

| | | | | |
|---|---|---|---|---|
| | | | | कोष र दैनिक आर्थिक प्रशासन प्रभावकारी, पारदर्शी एवम् चुस्त हुन मद्दत पुग्दछ । |
| ९.३ | दफा ४६ (१) | (ग) केन्द्रको आन्तरिक कार्य सञ्चालन सम्बन्धी विषय | केन्द्रले नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तार गरी ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग, बचत र संरक्षण गर्दै ऊर्जाको पहुँचमा वृद्धि गरी दिगो विकास हासिलमा सघाउ पुऱ्याउनका लागि दैनिक कार्य संचालन र व्यवस्थापनका सम्बन्धमा विनियममा व्यवस्था गरिनेछ । | केन्द्रको आन्तरिक कार्य सञ्चालन एवम् व्यवस्थानका सम्वन्धमा बिनियमावलीमा उचित व्यवस्था गरिने भएबाट केन्द्रको आन्तरिक कार्य सञ्चालन एवम् व्यवस्थापन प्रभावकारी, पारदर्शी एव चुस्त दुरुस्त हुन मद्दत पुग्दछ |
| १० | दफा ४७ | यो ऐनको अधिनमा रही समितिले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ। | केन्द्रको काम कारवाहीलाई सबल, विश्वसनीय, प्रभावकारी, एवम् उत्तरदायी बनाउन केन्द्रले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई त्यसमा केन्द्रको दैनिक कार्य सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक विधि पद्धतिको ब्यवस्था गरिनेछ। | केन्द्रले आफूले बनाई लागू गरेका यस्ता निर्देशिका, कार्यविधि वा मापदण्डले केन्द्रको काम कारवाहीलाई सबल, विश्वसनीय, प्रभावकारी, एवम् उत्तरदायी बनाउन मद्दत पुग्दछ । |